वर्ष– २, अंक– २, कार्तिक २०७२

# चिया कृषक समाचारपत्र

# Tea Farmer Newsletter

# चिया सहकारी क्षेत्रको समस्या र समाधान विषयक अर्न्तक्रियात्मक कार्यक्रम



*माननीय सभासद् तथा उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको सभापति भीष्म राज आङदेम्वे कार्यक्रमलाई संबोधन गर्नुहुदै*

केन्द्रीय चिया सहकारी संघ लि. नेपाल Central Tea Cooperative Federation Ltd.(CTCF)Nepal ले नेपालको चिया क्षेत्रका समस्या र समाधान विषयक राष्ट्रिय स्तरको सरोकारवालाहरू सँगको एक दिने अर्न्तक्रियात्मक कार्यक्रम २०७२ असार १६ गते काठमाडौंको इन्द्रेणी कम्प्लेक्स नँया वानेश्वरमा सम्पन्न गरेको छ । नेपालमा चिया कृषक, सहकारी, उद्यमी तथा समग्र चिया क्षेत्रले भोगिरहेको समस्याहरूलाई राज्य तथा सम्वन्धित सरोकारवालाहरूलाई सुसुचित गराई समाधानको लागि सवै पक्षबाट गरिनु पर्ने तत्कालिन तथा दीर्घकालिन उपायहरूको वारेमा छलफल गराउने उद्देश्यले आयोजना गरिएको अन्तरक्रियात्मकको अध्यक्षता केन्द्रीय चिया सहकारी संघका अध्यक्ष श्री गोविन्द्र प्रसाद दाहालले गर्नु भएको थियो भने कार्यक्रम माननीय कृषि विकास मन्त्री हरि प्रसाद पराजुलीको प्रमुख आतिथ्यता सम्पन्न भएको थियो । त्यसैगरी माननीय सभासद् तथा उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिको सभापति भीष्म राज आङदेम्वे विशिष्ट अतिथिको रूपमा रहनुभएको थियो । अन्य अतिथिहरूमा पूर्व स्थानीय विकास मन्त्री एवं होड्पाको संस्थापक अध्यक्ष श्री पूर्ण कुमार शेर्मा, पूर्व गृहराज्य मन्त्री एवं राष्ट्रिय सहकारी संघका पूर्वअध्यक्ष श्री दीपक प्रकाश वास्कोटा, सभासदहरू माननीय गणेश काम्वाङ, आइन्द्र सुन्दर नेम्वाङ, सहकारी तथा गरीवी मन्त्रालयका सचिव श्री श्रीधर गौतम, कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराई, राष्ट्रिय चिया तथा कफि विकास वोर्डका कार्यकारी निर्देशक श्री शेषकान्त गौतम, युवा तथा साना व्यवसायी स्वरोजगार कोषका कार्यकारी निर्देशक श्री विनोद गुरागाई, सहकारी विभागका रजिष्टार श्री काशिनाथ मरासिनी, सहकारी तथा गरीवी निवारण मन्त्रालयका सह-सचिव श्री सुरेश मान श्रेष्ठ, व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका

थप पृष्ठः २ मा

## चियाको काँटछाँट प्रविधि

काँटछाँट चिया बगानको नियमित प्रकृया हो । अनावस्यक हाँगाहरू हटाइ उत्पादनशिल हाँगाहरूको संख्या बढाउन र गुणस्तरीय उत्पादन लिनको लागि काँटछाँट गरिन्छ ।

विस्तृत पृष्ठः १२ मा

## चिया सहकारी जिल्ला संघहरूसँग उन्नती कार्यक्रमले गरेका गतिविधीहरू

इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा र ताप्लेजुङ्ग जिल्लामा उन्नती कार्यक्रमले विषयत चियाका जिल्ला सहकारी संघहरू सँग समन्वय गरी चिया सम्वन्धि विभिन्न गतिविधिहरू संचालन गरिरहेकोछ ।



विस्तृत पृष्ठः ९ मा

## यस अंक भित्र


- केन्द्रीय चिया सहकारी संघ लि. नेपाल चिनारी तथा गतिविधिहरू
- व्यवसायिक योजना निर्माण प्रशिक्षक प्रशिक्षार्थी तालिम सम्पन्न
- चिया खेती अभिलेखिकरण सचेतना तालिम सम्पन्न

## प्रकाशक

प्रकाशक
केन्द्रीय चिया सहकारी संघ लि. नेपाल,
इलाम नगरपालिका २ इलाम

Central Tea Cooperative
Federation Ltd. (CTCF) Nepal

फोन न. : ०२७-५२१७१४

वेब साइट : www.ctcf.org.np

इमेल : ctcfnepal@yahoo.com

info@ctcf.org.np

### सम्पादन तथा प्रकाशन समिति

संयोजक : रविन राई

सदस्य : शंकर खनाल

सदस्य : इन्द्र सारु मगर

सदस्य : विमला राई

सदस्य : निरन्ती तुम्वापो

सदस्य : चन्द्र वहादुर लोक्ताम

# सम्पादकीय

केन्द्रीय चिया सहकारी संघले गत वर्ष वाट संघले गरिरहेको गतिविधि, प्राविधिक जानकारी, सफलताको कथा, सहकारी लेख रचना, जानकारीमुलक सूचनाहरूलाई समेटेर सवै सरोकारवाला निकाय तथा सहकारी र चिया कृषकहरूमा पुर्‍याउने उद्धेश्यले चिया कृषक समाचार पत्र प्रकाशन गर्न शुरू गरेको छ । यसै क्रममा यहाँहरूको सहयोग वाट यस अंक प्रस्तुत गर्न पाउदा अत्यन्तै खुसी लागेको छ । यस वर्ष २०७२ वैशाख १२ र २९ गते गएको महाविनाशकारी भुकम्पमा देशले धेरै ठुलो मानवीय, भौतिक, आर्थिक, प्राकृतिक तथा सांस्कृति क्षती व्यहोर्नका साथै ठुलो प्राकृतिक विपत्को सामना गर्नु पर्‍यो । चिया क्षेत्रका सहकारी तथा किसानहरूमा पनि खास गरेर ललितपुर र रामेछापले तुलनात्मक रूपमा धेरै क्षतीको सामना गर्नु पर्‍यो । जस्तो सुकै अवस्थामा पनि यस प्राकृतिक विपत् सँग सामना गर्नु वाहेक हामी सँग अरू विकल्प थिएन । यस अवस्थामा यस केन्द्रीय चिया सहकारी संघले समेत सदस्य सहकारीहरू सँग सामान्य राहत संकलन गर्ने र अन्तराष्ट्रिय संस्थाहरू सँग समन्वय गरी खास गरेर ललितपुर र रामेछापका चिया सहकारीहरूमा चिया व्यवसायमा सहयोग पुग्ने कार्यक्रमहरू संचालन गरी पुनः चिया खेती व्यवसायलाई निरन्तरता दिन सहयोग पुग्ने कार्यक्रमहरू संघले संचालन गर्न लागेको अवस्था छ ।

सदस्य सहकारी संघ/संस्थाहरूको सकारात्मक सहयोग र सुझावका साथै विभिन्न संघ संस्था तथा सरोकारवाला निकायहरूको समेत सहयोगमा यस केन्द्रीय चिया सहकारी संघले निरन्तररूपमा उपलब्ध स्रोत र साधनको यथोचित परिचालन गरी विभिन्न कार्यक्रमहरू संचालन गरिरहेको छ । चियाको उत्पादन, प्रशोधन, वजारीकरणका प्राविधिक तालिमका साथ साथै संस्थागत क्षमता, व्यवसायिक विकास र चिया क्षेत्रको विकासको लागि वहस तथा पैरवीका कार्यहरू निरन्तर रूपमा संचालन गरिदै आएको छ । यस्ता विभिन्न कार्यहरूले चिया क्षेत्रको विकासमा निश्चय नै सकरात्मक योगदान पुर्‍याईरहेको छ । तर भने जति चाहे जस्तो गरिका उपलब्धीहरू देखिने कार्यहरू भने अझै गर्न नसकिरहेको यर्थाथलाई लुकाउन मिल्दैन । सदस्य सहकारीहरूले, चिया कृषकहरूले र संघले चाहे जस्तो परिवर्तनको लागि सवै पक्ष कृषक, सहकारी, उद्यमी, राज्य तथा सहयोगी संघ संस्थाहरू समेतको निरन्तर ऐकवद्धता, सहयोग तथा सकरात्मक ,रचनातात्मक सोच र तत्परताको आवश्यकता पर्दछ । देशको हाल २० वटा भन्दा वढी जिल्लाहरूमा व्यवसायिक चिया खेती विस्तार भई रहेको यस सन्दर्भमा राज्यले चिया क्षेत्रको समुचित विकास गरी रोजगारीको अवसर सृजना सँगै गरिवी न्युनीकरण गर्न र विदेशी मुद्राको भरपर्दो निरन्तर स्रोतको रूपमा विकास गर्न उपयुक्त नीति नियमका साथै योजनावद्ध कार्यन्वनको लागि आवश्यक वजेट व्यवस्था सहित अल्पकालिन र दिर्घकालिन योजना तर्जुमा गरी कार्यन्वयन गर्नु पर्दछ । सो व्यवस्थाको लागि संघले निरन्तररूपमा राज्यका सम्वन्धित मन्त्रालय तथा निकायहरूमा निरन्तर पैरवी गरिरहेको छ भने अन्य सम्वन्धित सवै पक्षलाई निरन्तर रूपमा राज्य सँग पैरवी गरी चिया क्षेत्रको समग्र विकासको रणनीति तयार गर्न पुनः अनुरोध समेत गर्दछौ ।

अन्तमा यस समाचार पत्र प्रकाशनमा लेख रचना उपलब्ध गराईदिनु हुने र सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यावाद प्रदान गर्दै सल्लाह र सकरात्मक सुझावको अपेक्षा गर्दछौ ।

पृष्ठः १ बाट जारी

कार्यकारी निर्देशक श्री इश्वरी प्रसाद घिमिरे, कृषि विभागका महानिर्देशक श्री युवकध्वज जि.सी., राष्ट्रिय सहकारी विकास वोर्डका निर्देशक कृष्ण दहाल लगायतका व्यक्तिहरु हुनुहुन्थ्यो । त्यसै गरी कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधीहरू, राष्ट्रिय सहकारी संघका प्रतिनिधी, विषयगत केन्द्रीय संघका अध्यक्ष तथा प्रतिनिधीहरू, चिया संघ सम्वन्धित संघ संस्थाहरू होट्पा, स्टेन, विषयगत चिया सहकारी संघहरू, पत्रकारहरू लगायत चिया क्षेत्रमा कार्यरत विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरू लगायत ८७ जनाको सहभागिता थियो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नु हुँदै केन्द्रीय चिया सहकारी संघका उपाध्यक्ष श्री राजेन्द्र कुमार जवेगुले २०६७ सालमा सहकारीको मूल्य र मान्यतालाई पालन गर्दै चिया किसानहरूलाई एकतावद्ध वनाउने उद्देश्यले संघ स्थापना भएको बताउँदै संसारमा पानी पछि दोश्रो पेय पदार्थको रुपमा स्थापित चियाको गुणस्तरीय उत्पादन र वजारीकरणमा समस्या रहेको वताउँनुभयो । चिया क्षेत्रका तीन चरणहरु रोपण, उत्पादन र प्रशोधन सवै महत्वपूर्ण रहेको बताउँदै उपस्थित सबैलाई अर्थपूर्ण छलफल र परिणाममुखी सुझावका लागि आग्रह गर्दै उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, अन्य अतिथिहरू तथा उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।

स्वागत मन्तव्य पछि कार्यक्रमका प्रमुख अतिथि माननीय कृषि विकास मन्त्री हरी पराजुलीले पानसमा दीप प्रज्वलित गरी कार्यक्रमको विधिवत उद्घाटन गर्नु भएको थियो । त्यस पछि केन्द्रीय चिया सहकारी संघका महासचिव श्री रविन राईले संघको चिनारी र गतिविधि सहित "चिया सहकारी क्षेत्रको समस्या र समाधान" विषयक निम्नानुसारको कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो ।

# केन्द्रीय चिया सहकारी संघ लि. नेपाल चिनारी तथा गतिविधिहरू

प्रस्तोता: रविन राई

- संघ दर्ता : २०६७ भदौ ३१
- दर्ता भएको कार्यलयः सहकारी विभाग, नयाँ वानेश्वर
- संघको कार्यलयः इलाम नगरपालिका २, नारणथान इलाम
- स्थापना कालमा सदस्य सहकारी संख्याः १ चिया उत्पादक जिल्ला सहकारी संघ सहित ३१ वटा चिया सहकारीहरू ।
- हाल सदस्य संख्याः ५ वटा चिया उत्पादक सहकारी संघहरू इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, ललितपुर सहित ९२ वटा चिया सहकारी संस्थाहरू ।
- सदस्य विस्तारित जिल्लाहरूः इलाम, पाँचथर, धनकुटा, झापा, तेह्रथुम, संखुवासभा, भोजपुर, ताप्लेजुङ, उदयपुर, ललितपुर, रामेछाप, सोलुखुम्बु, ओखलढुङ्गा ।

## दुरदृष्टि : 'दिगो चिया सहकारी सम्मुन्नत कृषक'

**ध्येय :** व्यवसायिक चिया खेतीको विकास र विस्तारका लागि उपयुक्त नीतिगत व्यवस्थाको लागि वहस र पैरवी गर्दै चिया सहकारीहरूलाई व्यवसायिक अर्गानिक चिया खेती उत्पादन, प्रशोधन, वजारीकरणमा सहयोग गर्दै वातावरणीय संन्तुलन कायम गर्ने ।

**लक्ष्य :** संघ तथा सहकारीहरूमा दक्ष जनशक्ति तयार गर्दै सहकारीको क्षमता विकासका लागि प्रभावकारी गुणस्तरीय सेवा प्रदान गर्नका लागि निम्न लक्ष्यहरू रहेको छ ।

- व्यवसायिक, सवल तथा सक्षम सहकारीहरू वनाउने
- प्रभावकारी वहस र पैरवी गर्ने
- चिया सहकारीको वजारीकरणमा सुधार ल्याउने
- संघको दिगो आर्थिक स्रोतहरूको व्यवस्था गर्ने ।

## संघको मुख्य उदेश्यहरू

(१) नेपालका चिया सहकारी संस्था/सघंहरूको बिकास तथा प्रवर्द्धन गर्ने ।

(२) आफ्ना सदस्य संस्था तथा विषयगत संघहरूको व्यवसायिक तथा आर्थिक विकासका लागि सहयोग गर्ने ।

(३) सहकारी संस्थावाट भएका उत्पादन, संकलन, भण्डारण, प्रसोधन तथा बजारीकरण गर्ने तथा संस्थाहरूलाई आवश्यक पर्ने सामाग्रीहरूको आपूर्तिको व्यवस्था गर्ने ।

(४) सदस्यहरूको क्षमता अभिबृद्धि गर्न सहकारी शिक्षा, व्यवसायिक एवं शिपमुलक तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने ।

(५) नेपाल सरकारका विभिन्न निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सर कारी संस्थाहरूबाट आर्थिक तथा प्राबिधिक सहयोग जुटाई आफ्ना सदस्य संस्थाहरूको संस्थागत क्षमता अभिबृद्धि गर्ने तथा ती संस्थाहरूसँग आबद्ध सदस्यहरूलाई आवश्यक सहयोग पुर्‍याउने ।

(६) सदस्य संस्था /संघलाई सेवा पुर्‍याउन आफ्नो वित्तिय क्षमता बृद्धिको लागि आवश्यक ब्यावसायिक एवं औधोगिक कार्यहरू गर्ने ।

(७) आफ्ना सदस्य सहकारीमा अन्तराष्ट्रिय मापदण्ड अनुरूप रहेर गुणस्तरयुक्त हरियो पत्ति उत्पादन गर्न र अर्गानिक चिया खेती प्रणालीलाई अवलब्न गर्न अभिप्रेरित गर्ने तथा प्रमाणिकरणमा सहयोग पुर्‍याउने ।

(८) चिया खेतीको माध्यमबाट प्राकृतिक वातावरणको संरक्षण, भुक्षय नियन्त्रण गरी बढ्दो विश्व वातावरण प्रकोपलाई न्यूनीकरण गरी प्राकृतिक पर्यावरणीय वातावरण सन्तुलन गर्न सहयोग पुर्‍याउने ।

(९) चिया प्राविधिकहरू उत्पादन गरी चिया खेतीलाई व्यवस्थित गर्न सहयोग पुर्‍याई रोजगारीको अवसरलाई वृदी गर्दै गरिवी घटाउनमा मद्दत पुर्‍याउने ।

(१०) चिया खेती ब्यवसायलाई औधोगिकरण गर्न सहयोग गर्ने तथा चिया पर्यटन विकास र प्रवद्धन गरी वैदेशिक मुद्रा आर्जन गर्नमा सहयोग पुर्‍याउने ।

(११) विभिन्न सरोकारवाला निकायहरू सँग समन्वय गरी चिया क्षेत्रको विकासका कार्यहरू गर्ने साथै राज्य तथा सरोकारवाला निकायहरू सँग चिया क्षेत्रको समस्या र नितीगत सुधारका लागि वहस र पैर वी गर्ने ।

## संघका सहयोगी, संमन्वयात्मक निकाय तथा संघ संस्थाहरू :

### नेपाल सरकारका निकायहरू :

- सहकारी तथा गरिवी मन्त्रालय र सो मातहतका निकायहरू सहकारी विभाग, राष्ट्रिय सहकारी विकास वोर्ड, सहकारी प्रशिक्षण केन्द्र, डिभिजन सहकारी कार्यलयहरू
- कृषि विकास मन्त्रालय र सो मातहतका निकायहरू राष्ट्रिय चिया तथा कफी विकास वोर्ड, जिल्ला कृषि कार्यलयहरू, चिया तथा कफी विकास शाखा
- अर्थ मन्त्रालय र सो मातहतका निकायहरूः नेपाल राष्ट्र वैक, युवा तथा साना व्यवसायी स्वरोजगार कोष
- उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय र सो मातहतका निकायहरूः व्यापार तथा निकासी प्रर्वद्धन केन्द्र, साना तथा घरेलु उद्योग विकास समितिहरू
- संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयः स्थानीय निकायहरू

## अन्य साझेदार र सहयोगी संघ संस्थाहरू :

- राष्ट्रिय सहकारी संघ
- राष्ट्रिय सहकारी वैक
- विषयगत केन्द्रीय संघहरू
- होट्पा -हिमालयन अर्थोडक्स टि एसोसिएसन नेपाल
- चिया उत्पादक संघ - नेपाल टि प्लान्टर एसोसिएसन
- टिसेक नेपाल -टि सेक्टर सर्भिस सेन्टर
- स्टेन (स्पेसियालिटी टि एसोसिएसन नेपाल)
- एस एन भि नेपाल
- आफा - एसियन फार्मर एसोसिएसन फर रूलर डेभलपमेन्ट
- एग्रीटेरा नेदरलेण्ड
- उन्नती कार्यक्रम नेपाल
- वि एस डब्लु
- सफल परियोजना

## संघले संचालन गरिरहेका क्रियाकलापहरू

### संस्थागत विकासका क्रियाकलापहरू :

- चिया कृषकहरूलाई चिया सहकारी दर्ता गर्नमा सहयोग गरिरहेको
- सहकारी व्यवस्थापन तालिम संचालन (MY.Coop) :
- सहकारी सचेतना पाठ्शाला संचालन
- माई कुप सहकारी प्रशिक्षण प्रशिक्षार्थी तालिम प्रदान
- सहकारी लेखा तालिम प्रदान
- नेतृत्व विकास तालिम संचालन
- सहकारी व्यवसायिक योजना तर्जुमा प्रशिक्षण प्रशिक्षार्थी तालिम

- सहकारीहरूको व्यवसायिक योजना निमार्णमा सहयोग
- प्रस्तावना लेखन तालिम तथा प्रस्तावना तयार गर्न विभिन्न सहकारीहरूलाई सहयोग
- कोपास सहकारी लेखा सफ्टवेर संचालनमा सहयोग
- अध्ययन अवलोकन भ्रमण

## प्राविधिक तालिमहरू संचालन :

- उन्नत चिया खेती पद्धती सुधार प्राविधिक तालिम
- विषादी न्यूनीकरण तथा सचेतना तालिम
- तयारी चिया वनाउने तथा टि टेस्टिङ्ग सम्वन्धी तालिम
- अभिलेखिकरण (रेकर्ड किपिङ) तालिम आदि

## वजारीकरण सहयोगका कार्यहरू :

- चिया सहकारीहरूलाई विभिन्न चिया खरिद कर्ताहरूसँग समन्वय गराई रहेको
- चिया सहकारीहरूको तयारी चिया नमुना संकलन, टि टेस्टिङ्ग गरी विभिन्न वायरहरूलाई उपलब्ध गराउने गरेको
- संघको वेव साइटमा चिया सहकारीहरूको चियालाई राखिएको
- सहकारी चियाको कलेम्टीभ मार्क दर्ताको प्रक्रियामा रेहेको ।

## वहस र पैरवी सम्वन्धी कार्यहरू :

- तयारी चियाको अक्सन वजार स्थापनार्थ विभिन्न वैठकहरूमा समावेश भई तयारी चियाको अक्सन बजार संचालनको लागि आवश्यक निर्देशिका तयार गर्नमा सहयोग गरिएको ।
- राष्ट्रिय चिया नीति संशोधन मस्यौदाका विभिन्न तहका गोष्ठीमा सहभागी भई सुझाव संकलन सहित टि वोर्डमा पेश गरेको
- चिया सहकारी क्षेत्रको समस्याहरूको समाधानको लागि विभिन्न सरोकारवाला निकाय तथा राज्यको निकायहरूमा मागहरू पेश गरी ध्यानाकर्षण गराउँदै आइरहेको
- चिया सहकारीहरूलाई विभिन्न क्षेत्रवाट अनुदान प्राप्त गर्न सिफारिस तथा पैरवी गरेको ।
- चिया सहकारी संघहरूलाई वहस र पैरवी सीप सम्वन्धी क्षमता विकासका लागि किसानहरूका लागि पैरवी औजार Farmer Advocacy Consultation Tools - FACT तालिम तथा कार्यन्वयनका लागि परीक्षण अभ्यासमा सहयोग भई रहेको
- विभिन्न सरोकारवाला निकायहरूले गर्ने गोष्ठी तथा कार्यक्रमहरूमा सहभागी भई सुझावहरू प्रदान गर्ने र चिया क्षेत्रको विषयहरूलाई उठान गर्दै आइरेहको
- सहकारी संञ्जालका वैठकहरूमा समावेश भई चिया सहकारी क्षेत्रको विषयहरू अवगत गराउँदै आइरहेको
- चिया क्षेत्रमा हुने विभिन्न बन्द तथा हड्तालहरूमा समस्या समाधानका लागि सहजिकरणको भुमिका निर्वाह गरिरहेको ।

## अनुगमन तथा मुल्याकनका कार्यहरू

- सदस्य चिया सहकारीहरूको संस्थागत गतिविधिहरूको अनुगमन तथा मुल्याङकन
- सदस्य सहकारीहरूले विभिन्न वित्तिय संघ संस्थाहरूबाट लिएको वित्तिय संस्थाहरू वाट लिएको ऋणहरू (राष्ट्र वैक, युवा तथा साना व्यवसायी स्वरोजगार कोष, राष्ट्रिय सहकारी वैक) को लगानी असुलीको अवस्थाहरू अनुगमन र सुझावहरू प्रदान गर्ने गरेको
- संघले प्रदान गरेको विभिन्न तालिम तथा सेवाहरूको प्रभावकारीताको अनुगमन गर्ने गरेको
- निश्चित सूचकहरूको आधार तयार गरी सदस्य सहकारीहरूको वार्षिक रूपमा स्थरीकरण गर्ने गरेको

## अन्य कार्यहरू :

- संघले वार्षिक प्रगति विवरण प्रतिवेदन, चिया कृषक समाचार पत्र प्रकाशन गरी सरोकारवाला निकाय तथा सदस्य सहकारीहरूलाई उपलब्ध गराउदै आइरहेको ।
- संघले सहकारी चिया क्षेत्रको अवस्थाको वारेमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न प्रतिवेदनहरूमा लेख रचना प्रकाशन गर्ने गरेको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारी दिवस, चिया दिवस साथै अन्य अर्न्तराष्ट्रिय वर्षहरू मनाउने गरिएको ।
- चिया सहकारीहरूलाई विभिन्न वित्तिय निकायहरू (राष्ट्र वैक र युवा तथा साना व्यवसायी स्वरोजगार कोष) सगँ समन्वय गराई सुलभ व्याजदरको ऋण लिन र सदस्यहरूलाई लगानी गर्नमा सहयोग पुन्याई रहेको ।
- सहकारी वैक वाट चिया सहकारीहरूलाई प्रशोधन उद्योग संचालनको लागि कर्जा प्रदान गराउन सहयोग गरिरहेको ।
- एफ एम रेडियो वाट सचेतना मुलक चिया वारी कार्यक्रमहरू संचालन गरिरहेको ।
- चिया पर्यटन विकासका लागि होम स्टे विभिन्न चेतनामुलक कार्यहरू गरिरहेको ।
- अर्न्तराष्ट्रिय पारिवारिक खेती वर्ष, अर्न्तराष्ट्रिय माटो वर्ष २०१५ “Healthy Soil for Healthy life” भन्ने नाराका साथ अर्गानिक चिया खेती विस्तारका चेतनामुलक कार्यहरू गरिदै आएको ।

# ‘चिया सहकारी क्षेत्रको समस्या र समाधान’

## नेपालको चिया क्षेत्रको अवस्था

- चिया खेतीको शूरूवात वि.स. १९२० इलाम चिया कमान इलाम वाट शुरू भएको,
- किसान स्थरमा वि.स. २०२८ बाट व्यवसायिक रूपमा शूरू
- राज्य वाट वि.स. २०३९ मा ५ जिल्ला इलाम, झापा, पाँचथर, धनकुटा र तेह्रथुम चिया क्षेत्र घोषणा
- राष्ट्रिय चिया तथा कफी विकास वोर्ड ऐन २०४९ जारी
- विभिन्न तथ्याङ्कअनुसार २५ हजार हेक्टरमा चिया खेती भई कर िव २ करोड १० लाख के.जी. (अर्थोडक्स करीव ४० लाख, सिटिसि १ करोड ८० लाख) भन्दा वढी तयारी चिया उत्पादन भई करीव उत्पादनको आधा आन्तरिक खपत भई अन्य विदेश निर्यात वाट करीव २ अर्व ६० करोड विदेशी मुद्रा आर्जन भईरहेको छ ।
- १ केजी तयारी चिया बनाउन सरदर ५ केजी हरियो चिया पत्ति लाग्ने गर्दछ ।
- अर्थोडक्स चियाको करीव ९० प्रतिशत निर्यात भारत लगायत तेस्रो मुलुकमा भई १० प्रतिशत मात्र आन्तरिक खापत हुने ।
- सन् २०१२ र २०१३ को अवधिमा १ करोड १२ लाख ९७ हजार ७ सय वयालिस केजी तयारी चिया निर्यात भई रू २ अरव ११ करोड उनानव्वे लाख ३५ हजार ५ सय उन्नाइस रूपैया विदेशी मुद्रा भित्रीएको वास्तविक तथ्याङ्क छ ।
- चिया क्षेत्रवाट करीव १८ हजार घर परिवार प्रत्यक्ष सहभागी भई घर परिवारका सदस्यहरू स्वरोगार वनेका छन् ।
- चिया वगैचा, उद्योग तथा वजारमा करीव १ लाख व्यक्तिहरूले प्रत्यक्ष रोजगारी पाएको अवस्था छ ।
- नेपाल चिया उत्पादक संघ -एन टि पि ए को स्थापना २०४६
- चिया सहकारीको दर्ता प्रक्रिया शुरू वि.स. २०५१
- राष्ट्रिय चिया निती २०५७ जारी

- विषयगत चिया उत्पादक सहकारी संघ गठन शुरूवात : २०६३ इलाम
- केन्द्रीय चिया सहकारी संघ स्थापना : २०६७ भदौ ३१
- १०९ भन्दा वढी चिया सहकारीहरू स्थापना भई संचालन
- इलाम, पाँचथर, धनकुटा, झापा, तेह्रथुम, संखुवासभा, भोजपुर, उदयपुर, ललितपुर, नुवाकोट, दोलखा, सोलुखुम्बु, कास्की, रामेछाप, सिन्धुप्लाल्चोक, ताप्लेजुङ्ग लगायत २० भन्दा वढी जिल्लामा चिया विस्तार भइरहेको
- ५२ भन्दा वढी ठुलो चिया उद्योगहरू संचालन (अर्थोडक्स २४, सिटिसि २८) जसमा १ वटा ठुलो सि टि सि सहकारी चिया उद्योग स्थापना भएको छ भने ३ वटा निर्माणधिन छ ।
- ४६ वटा साना अर्थोडम्स प्रशोधन चिया उद्योगहरू संचालनका रहेको जसमा १५ वटा चिया सहकारीवाट संचालित ।
- १६० भन्दा वढी चिया वगानहरू संचालनमा रहेको ।

## चिया सहकारीहरूको गतिविधि :

- सहकारीहरू द्धारा चिया व्यवसायलाई प्रर्वदन गर्न प्रयत्नशिल रहेको चिया नर्सरी, रोपण तथा विस्तारको कार्य भइरहेको ।
- सहकारी द्धारा हरियो पत्तिको खरीद तथा विक्री गरिरहेको ।
- सहकारीद्धारा ऋण तथा वचतको कार्यक्रम संचालन ।
- चिया सहकारीहरूले व्यवसायिक योजना वनाई कार्यन्वयन गरिरहेको ।
- सहकारीहरूले अर्गानिक चिया खेती गरिरहेको, ९ वटा चियाका सहकारीहरू अन्तराष्ट्रिय प्रमाणिकरण निकाय (नासा र आई एम ओ) बाट निजी चिया प्रशोधन उद्योगहरूसँग कारखानाहरूको हरियो पत्ति उत्पादकको रूपमा अर्गानिक प्रमाणिकरण भइसकेको (प्रशोधन कार खाना को सप्लाई एजेन्शिको रूपमा) ।
- चिया सहकारीहरूद्धारा (६ वटा ) भर्मी कम्पोष्ट उत्पादन सानो मात्रामा शुरूवात ।
- सहकारीहरूले यूवा तथा साना व्यवसायी स्वरोजगार कोष र नेपाल राष्ट्र वैकको ग्रामिण स्वलम्वन कोष वाट ४ वटा चिया सहकारीहरूले १०३२५०००। (एक करोड तिन लाख पच्चीस हजार) सुलभ व्याजदरको ऋण लिईसदस्य कृषकहरूमा प्रभाव गरी रोजगारी र आय आर्जनमा प्रयोग गरिरहेको तथा नियमिति किस्ता फिर्ता गरि रहेको ।
- राष्ट्र वैकको ग्रामिण स्वलम्वन कोष वाट ५ वटा चिया सहकारीहरूले ९७,२०,८०० (सन्तानव्वे लाख विस हजार आठ सय) सुलभ व्यादरको ऋण परिचालन गरि सदस्य कृषकहरूमा प्रभाव गरी रोजगारी र आय आर्जनमा प्रयोग गरिरहेको तथा नियमिति किस्ता फिर्ता गरि रहेको ।
- चिया व्यवसाय औधोगिकरण तर्फ उन्मुख छ तर पुर्ण रूपमा सफल भइनसकेको संक्रमण कालिन अवस्था ।
- १५ वटा चिया सहकारीहरू इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, ललितपुर, संखुवासभा, कास्कीमा आदि ठाँउमा सानो स्केलको सहकारी चिया प्रशोधन कारखाना संचालन गरिरहेको अन्य वढ्ने क्रममा छ ।
- झापामा १ वटा ठुलो स्केलको सहकारी कारखाना स्थापना भई संचालन भई रहेको र अन्य ३ वटा शुभ चिया सहकारी, पाराखोपी र साना किसान चिया सहकारीले कृषि मन्त्रालय वाट अनुदान प्राप्त गरी टि वोर्ड मार्फत सि टि सि सहकारी चिया प्रशोधन उद्योग निमार्ण भइरहेको ।
- चिया उत्पादक सहकारी संघ पाँचथरले चिया कोशेली घर संचालन गरी चिया का साथै अन्य उत्पादित वस्तुहरू विक्रि वितरण गरिरहेको र तिनजुरे चिया सहकारी इलामले इलाम सरदमुकाममा चिया कोशेली घर खोली विक्री वितरण गरिरेहको ।
- केन्द्रीय चिया सहकारी संघले काठमाडौमा तयारी चिया विक्री केन्द्र संचालन गर्न तयारीमा रहेको ।



*संघका महासचिव रविन राई कार्यपत्र प्रस्तुत गर्दै*

- सहकारी चिया लोगो कलेक्टिभ मार्क दर्ताको लागि उद्योग विभागमा पेश भई दर्ताको प्रक्रियामा रहेको ।
- सहकारी माध्यम वाट चिया खेतीलाई व्यवसाय रूपमा अगाडि वढाउन प्रयत्नशिल छन् ।

## चिया सहकारीहरूको समस्या :

- सहकारी शिक्षा र जनचेतनाको कमी ।
- सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन, नेतृत्व सीप आदिको कमी ।
- सहकारीमा दक्ष जनशक्ति, भौतिक सामग्री स्रोत साधनको अभाव ।
- उद्यमशिलता सीप र ज्ञानको कमी ।
- दुर्गम र ग्रामिण भेगको किसानहरूको प्रशोधन उद्योगको अभावमा हरियो पत्ति विक्री नहुनु ।
- सहकारीहरूमा प्रयाप्त पूर्जीको अभाव ।
- सवै सहकारीहरूको वैक तथा वित्तिय संस्थाहरूमा पहुचँ पुग्न नसकिरहेको ।
- सवै जिल्लाका व्यवसायिक चिया खेती हुन नसक्नु
- चिया खेती सम्वन्धि दक्ष प्राविधिक जनशक्तिको समस्या ।

## नीतिगत समस्याहरू :

- राष्ट्रिय चिया तथा कफि विकास वोर्ड ऐन, राष्ट्रिय चिया नीति २०५७ कार्यन्वयन नहुनु र समय सापेक्ष परिमार्जन नहुनु
- राष्ट्रिय चिया तथा कफी विकास वोर्डमा केन्द्रीय चिया सहकारी संघको संस्थागत प्रतिनिधित्व गर्ने व्यवस्था नहुनु ।
- चियाको उत्पादन, प्रशोधन र वजारीकरणको लागि सुलभ ऋणको व्यवस्था नहुनु ।
- चियाको लागि आवश्यक औजार, उपकरण आयत गर्दा सहकारीहरूलाई अन्य उद्योग सरह सहज रूपमा छुट नहुनु, सहकारी कार्यलय, मन्त्रालय वाट सिफारिस लिनुपर्ने भएकोले सहकारीहरूको पहुच नपुग्नु ।
- समर्थन मूल्य निर्धारणको नीतिगत व्यवस्था नहुनु ।
- सहकारी उद्योगलाई अन्य नीजि उद्योग सरह मान्यता प्रदान गरी सेवा सुविधा प्रदान गर्न नसक्नु ।
- ग्रामिण र उत्पादन मुलक सहकारीमैत्री करप्रणाली नहुनु ।

## अन्य समस्याहरू :

- चियाको नेपाली क्लोन नहुनु
- व्यवस्थित चिया अनुसन्धान प्रयोगशाला नहनु
- नेपाली चियाको राष्ट्रिय तथा अन्तराष्ट्रिय पहिचानको लागि ट्रेड

मार्क प्रयोगमा आउन नसक्नु
- चियाको अक्सन वजार स्थापना गरी संचालन गर्नमा ढिलो
- चिया विस्तार योजना नभएको जिल्लाका चिया किसानहरूले प्राविधिक सेवा नपाउनु
- अर्गानिक चिया खेतीमा उत्पादनमा शुरूमा ह्रास हुने भएकोले अतिरिक्त रकम नपाउनु र अर्गानिक खेतीमा प्रयाप्त अनुदान व्यवस्था नहुनु
- अर्थोडक्स चियाको हरियो पत्तिको समर्थन मूल्य नतोकिनु साथै सि टि सि चियाको प्रभावकारी नहुनु ।
- चिया प्रशोधन टि टेस्टिङ र प्याकेजिङ तथा पोष्ट प्रोडक्सन हेन्डलिङ सम्वन्धि दक्ष जनशक्तिको समस्या ।
- अर्गानिक मलखादको समस्या, प्रयाप्त उपलब्ध नहुनु, मुल्य वढी ।
- अर्गानिक प्रमाणिकरण खर्चिलो हुनु र सहकारीहरूले प्रत्यक्ष अनुदान पाउन नसक्नु ।
- सहकारीले अर्गानिक प्रमाणिकरणको शुल्क तिर्न नसक्नु ।
- चिया प्रशोधन उद्योगहरूलाई विद्युत छुटको व्यवस्था नहुनु
- अन्तर्राष्ट्रिय वजारीकरणमा समस्या ।
- सहकारीहरूको निजी हरियो चिया पत्तिको ढुवानी गर्ने साधन नभएकोले हरियो चिया पत्तिको गुणस्तर कायम गर्न कठिनाई र उपयुक्त समयमा हरियो पत्ति विक्री गर्न नसकिनु ।
- चिया कृषि मजदुर समस्या ।
- चिया क्षेत्रका सम्लग्न निकायहरू, तथा अन्य सवै संघ संस्थाहरूको समन्वयात्मक भुमिकामा कमी ।
- चिया वाली विमा व्यवस्था नहुनु ।
- हरियो पत्ति विक्री गर्दा एउटा जिल्ला निकासी कर वढी तिनु पर्ने (तेह्रथुममा हरियो चिया प्रतिकेजी ५ रूपैया, पाँचथरमा तयारी चिया निकासी कर प्रति कजी ५ रूपैया, आफ्नै जिल्लाको उत्पादन वस्तु आफ्नै जिल्ला सदरमुकाम वा वजारमा लैजादा वाटोमा अर्को जिल्लाको थोरै भाग वाटो पर्दा विचमा अर्को जिल्लालाई कर तिर्नु पर्ने अव्यवहारिक व्यवस्था जस्तै इलामको पश्चिमी भेगका चिया किसानले पाँचथरको राकेमा जिल्ला निकासी कर तिर्नु पर्ने)
- हरियो चिया पत्तिको उत्पादन लागत तथ्याङ्क संकलन व्यवस्थित नहुनु र उत्पादन लागत अनुसारको आधारमा मूल्य नपाउनु ।

## चिया क्षेत्रका अवसरहरू :

- चियाको उत्पादन वृद्धि भइरहेको र दार्जिलिङको भन्दा नयाँ विरूवा, वुस, नयाँ माटो र उस्तै वातावरण नेपालको इलाम लगायत धेरै पहाडी जिल्लाहरू रहेकोले दार्जिलिङको भन्दा राम्रो गुणस्तर को अर्थोडक्स चिया वनाई विश्व वजारमा उच्च मूल्यमा विक्री गर्न सकिने ।
- राज्यको उचित सहयोग भए आगामी १० वर्षमा करीव ४० हजार हेक्टरमा चिया खेती विस्तार भई करीव ४ लाख भन्दा वढी व्यत्तिलाई प्रत्यक्ष रोजगारी को अवसर सृजना भई विदेशीने जनशक्तिलाई रोक्नमा सहयोग पुग्ने । साथै वार्षिक १० अर्व भन्दा वढी विदेशी मुद्रा आर्जन गर्न सकिने ।
- हाल करीव १८ हजार धुरीका किसान स्वरोजगार वनेका छन् भने १० वर्षमा ४० हजार घरधुरी किसानहरू करीव २ लाख स्वरोजगार वन्न सक्छन् ।
- निजी ठुला वगान, उद्योगमा मात्र करीव ४० हजार भन्दा व्यक्तिहरूले रोजगारी पाइरहेको अवस्था छ ।
- खाली रहेको डाडा, पाखा जमिनलाई सदुपयोग गरी उत्पादन शिल वनाउन सकिने ।
- निर्भाहमुखी खेती पद्दतीको सट्टा व्यवसायिक खेती पद्दतीमा रूपान्तरण हुने ।
- दिगो खेती व्यवसाय हुने र ग्रामिण क्षेत्रमा उद्योगको विकास हुने ।
- चिया खेतीको माध्यम वाट वातावरण सन्तुलन कायम गर्न र भूक्षय नियन्त्रण गर्नमा समेत मद्दत पुग्ने ।
- चिया पर्यटन व्यवसायलाई समेत चिया खेतीसँगै अगाडी वढाउन सकिने ।
- विश्वमा प्राय सवै देशले सहकारी अभियान लाई आत्मा साथ गरिसकेको हुदा सहकारीबाट उत्पादित तयारी चिया लाई सहकारीको माध्यमबाटै विश्व वजारमा व्यापार गर्न सकिने ।
- कार्वन उर्त्सजन प्रति चियाको वोटले पुऱ्याएको योगदानबाट पाउने विश्व कार्वन ट्रेडबाट अतिरिक्त मूल्य पाउन सकिने ।
- रोजगारीको व्यवसायीक विकाससंगै गरिवी न्यूनीकरणमा सहयोग पुऱ्याउने ।

## चिया विस्तार र विकासको लागि गरिनु पर्ने कार्यहरू :

- राष्ट्रिय चिया नीति २०५७ संशोधन प्रस्ताव राष्ट्रिय चिया तथा कफी विकास वोर्ड मार्फत कृषि विकास मन्त्रालयमा पेश भएकोले सो नीति अविलम्व संशोधन गरी कार्यन्वयन हुनु पर्ने ।
- राष्ट्रिय चिया तथा कफि विकास वोर्ड ऐन २०४९ समय सापेक्ष परि वर्तन गर्नु पर्ने ।
- चिया सहकारीहरूको विस्तार र प्रर्वद्धन, सहकारी शिक्षा, लेखा व्यवस्थापन, नेतृत्व सिप विकास, उद्यमशिलताको तालिमहरू गाँउ स्थर मा प्रदान गरिनु पर्ने ।
- चिया सहकारीको माध्यम वाट सुलभ व्याजदरको अनुदान व्यवस्था हुनु पर्ने ।
- चिया नर्सरी, रोपण, प्रशोधन तथा वजारीकरणमा सहकारी र चिया कृषकहरूलाई ग्रेस अवधि सहितको दिर्घकालीन ऋण सुविधा र अनुदान व्यवस्था हुनु पर्ने ।
- चिया वैकको स्थापना गर्नु पर्ने ।
- साना उद्योग स्थापना र संचालनमा अनुदान, संचालनमा रहेका साना उद्योगहरूलाई थप अनुदान र हाल कृषि मन्त्रालय वाट ठुला झापामा सहकारी सि टि सि उद्योग स्थापनाको लागि प्रदान गरिको ५० प्रतिशत पुजींगत अनुदान सहयोगलाई आगामी आ.व. को वजेटमा व्यवस्था गर्ने र सोही अनुरूपको ३ वटा अर्थोडक्स सहकारी चिया प्रशोधनको लागि वजेटमा व्यवस्था हुनु पर्ने ।
- झापाको विर्तामोडमा स्थापना गर्न लागिएको तयारी चियाको अक्सन वजार संचालनको लागि आवश्यक नीति अविलम्व स्वीकृत गरी आवश्यक वजेटको व्यवस्था सहित संचालनमा ल्याउनु पर्ने ।
- तयारी चियालाई राष्ट्रिय अर्न्तराष्ट्रिय क्षेत्रमा वजारीकरणको लागि राज्यवाट आवश्यक वजेटको व्यवस्था र अर्न्तराष्ट्रिय विभिन्न मुलुकहरूका नेपाली राजदुतहरू वाट नेपालको चियाको वारेमा प्रचार प्रसार गर्नमा सहयोग हुनु पर्ने ।
- राष्ट्रिय स्तरमा तयारी चियाको प्रर्दशनीमेलाको आयोजना र अन्तर ाष्ट्रिय चिया मेला तथा प्रर्दशनीहरूमा सहकारी चिया, उद्यमी तथा सहकारी कलेक्टिभ मार्कलाई प्रर्वद्धनको लागि सहभागी गराउने ।
- चिया सहकारीहरूले हरियो चिया पत्तिको लागि ढुवानीको साधनहरू पिक अप, ट्याकटर, मिनि ट्रक खरिद गर्दा एक सहकारीलाई एउटा ढुवानीको साधन खरिद गर्दा सत प्रतिशत भन्सार छुटको व्यवस्था हुनु पर्ने
- चियाको आन्तरिक वजार विस्तारको लागि स्वदेशमा उत्पादित चिया सेवन गर्ने वानीको विकास गराउने र चेतनामुलक कार्यक्रमहरू संचालन गरिनु पर्ने ।
- अर्गानिक मलखाद, गोठ सुधार तथा व्यवस्थित कम्पोष्ट पिठ निमार्ण, भर्मी कम्पोष्ट पिठ निमार्ण तथा अर्गानिक प्रमाणिकरणमा लाग्ने शुल्कमा

सत प्रतिशत अनुदान दिनु पर्ने ।

- सहकारीद्धारा आइ पि एम तथा अर्गानिक कार्यक्रम संचालनमा सहयोग तथा अनुदान ।
- चिया उत्पादक सहकारी संघहरूलाई चिया विक्रि कक्ष संचालन गर्न र प्याकेजिङ्ग मेशिनहरू अनुदानमा उपलब्ध गराउनु पर्दछ ।
- प्रयाप्त उत्पादन, प्रशोधन, टेस्टिङ तालिमहरू संचालन दक्ष प्राविधिक जनशत्ति उत्पादन तयार गर्ने ।
- चियाको जात, माटो परिक्षण, तयारी चियाको गुणस्तर परिक्षण लगायतको चियाको अनुसन्धान तथा प्रयोगशालाको स्थापना गरिनु पर्ने ।
- एक चिया सहकारी एक प्राविधि उत्पादन गर्ने निती राज्यको हुनु पर्ने र सिटिभिटि वाट कोर्ष डिजाइन गरी सीप परिक्षण गरी प्रमाण प्रदान गरिनु पर्ने । मेची क्याम्पसममा संचालित वि ए सी टि म्यानेजमेन्ट लाई व्यवस्थित गरिनु पर्ने ।
- चिया अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृदीको व्यवस्था गरी प्रत्साहन गरिनु पर्ने ।
- हरियो पत्तिको समर्थन मूल्य सरोकार पक्ष सवैको समन्वयमा राज्य द्धारा तोकिनु पर्ने नीतिगत व्यवस्था हुनु पर्ने ।
- राज्यले सहकारी उद्योगहरूलाई अन्य उद्योग सरह मान्यता दिनु पर्ने ।
- सहकारी र ठुला तथा साना उद्योगीहरू विच समन्वय गरेर चिया क्षेत्रको विकासको लागि सयुक्त लगानीको वातावरण सिर्जना गरी वढ्नु पर्ने ।
- अर्गानिक प्रमाणिकरणमा लाग्ने शुल्क, अर्गानिक मलखाद तथा विषादी, भर्मी कम्पोष्ट उत्पादन, तथा गोठ सुधार कार्यक्रमहरूमा अनुदान तथा प्राविधिक सेवा प्रदान हुनु पर्ने ।
- अर्गानिक प्रक्रियामा शूरूका वर्षहरूमा उत्पादन घट्ने भएकोले कृषकहरूलाई कम्तीमा ३ वर्ष सम्म अतिरिक्त मूल्य (Incentive ) उपलब्ध गराउनु पर्ने ।
- नेपाली चियाको क्लोन तयार गरी सोही अनुसारको चिया रोपणको विस्तार गर्नु पर्ने ।
- उत्पादन, व्यवस्थापन, प्रशोधन र वजारीकरणका लागि प्राविधिक दक्ष जनशक्ति उत्पादन गरी परिचालन गर्नु पर्ने ।
- चिया वाली विमाको व्यवस्था सहज रूपमा हुने व्यवस्था मिलाउनुपर्ने ।
- चिया अध्ययन तथा अनुसन्धान गर्न चाहनेहरूको लागि छात्रवृतिको व्यवस्था राष्ट्रिय तथा अन्तराष्ट्रिय विश्वविद्यालयहरूमा व्यवस्था मिलाउनु पर्ने ।
- विभिन्न जिल्लामा चिया विस्तारको लागि विरूवा उत्पादन, खेती विस्तारको लागि अनुदान, सुलभ व्याजदरको ऋण व्यवस्था गर्ने । चिया विस्तारित जिल्लाहरूलाई चिया क्षेत्र घोषणा गर्नु पर्ने ।
- राष्ट्रिय चिया तथा कफी विकास वोर्ड लाई आर्थिक, प्राविधिक तथा मानविय संसाधन सहितको सक्षम चिया क्षेत्रमा सहयोग पुर्‍याउने निकाय वनाउनु पर्ने ।
- नेपाली चियाको राष्ट्रिय ट्रेड मार्क प्रयोगमा ल्याई अर्न्तराष्ट्रिय वजारमा प्रर्वद्धन गर्नु पर्ने ।
- सहकारी कलेक्टिभ मार्क दर्ता गराई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय वजारमा प्रर्वद्धन गर्नु पर्ने ।
- चिया क्षेत्रको समग्र विकासको लागि दिर्घकालिन रणनीति र योजना आश्यक वटेज सहित नेपाल सरकार वाट तत्काल तयार गरी कार्यन्वयन गर्नु पर्दछ ।
- स्वच्छ व्यापार (Fare Trade) नीति लाई अवलम्वन गरी चिया व्यावासयलाई अगाडि वढाउने ।
- चिया विकास तथा विस्तार पुर्नपरिचालन कोष १ अरवको स्थापना गरी केन्द्रीय चिया सहकारी संघ तथा चिया उद्योगीको सम्लग्नतामा राष्ट्रिय चिया तथा कफी विकास वोर्डहरू मार्फत परिचालन गर्ने व्यवस्था हुनु पर्दछ ।
- चिया तथा कृषि मजदुरहरूको लागि राज्य वाट विशेष राहत सेवा सहित थप सुविधाको व्यवस्था हुनु पर्ने ।
- नेपाल टि क्वालिटि फर द हिमालय NEPAL TEA QUALITY FOR THE HIMALAYA टेर्डमार्क होट्पाले आफ्ना सदस्य र केन्द्रीय चिया सहकारी संघले आफ्ना सदस्यहरूलाई प्रयोग गर्ने व्यवस्था सहित राष्ट्रिय चिया तथा कफी विकास वोर्ड मार्फत त्रिपक्षीय सम्झौता भई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा प्रवद्धन गर्नु पर्दछ ।

## अन्तर क्रियात्मक कार्यक्रममा उठेका विषयवस्तुहरु :

केन्द्रीय चिया सहकारी संघका महासचिव श्री रविन राई वाट प्रस्तुत कार्यपत्रमा नेपालमा लाखौ व्यक्तिहरूलाई रोजगारी दिएको तथा आयात प्रतिस्थापनमा सहयोग गरिरहेको चियाका क्षेत्रमा केहि समस्याहरु देखिएका छन् र ती समस्याहरूलाई चिरेर यो क्षेत्रलाई व्यवस्थित र मर्यादित वनाउनुपर्ने अवधारणा सहित उक्त कार्यपत्र प्रस्तुत भएको थियो । संघका महाचिव श्री रविन राईले प्रस्तुत गर्नुभएको कार्यपत्रहरुमा माथि उपस्थित विभिन्न व्यक्तिहरुले दिनुभएको टिप्पणी, सुझाव तथा सल्लाहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

### श्री सुनिल राई, *चिया व्यवसायी*

- चिया व्यवसायलाई व्यवस्थित वनाउन यो व्यवसाय सञ्चालन सम्बन्धी नीति निर्माण नभएको, २०५७ सालमा मस्यौदा भएको नीतिले पनि कानुनी हैसियत प्राप्त नगरेकोले गर्दा त्यसैलाई समय सन्दर्भ अनुसार परिमार्जन गरी लागु गर्नुपर्ने । यसको लागि नेतृत्व पनि सक्षम हुनुपर्छ । चिया तथा कफि विकास वोर्डले यस क्षेत्रको लागि ठोस् निर्णय लियोस् र आफ्नो औचित्य पुष्टि गरोस् ।
- सरकारी र निजी क्षेत्रविच समन्वय भई सँगसँगै अघि बढ्नुपर्छ ।
- चिया क्षेत्रमा गर्नुपर्ने कामहरुको वारेमा प्राथमिकता निर्धारण गर्नुपर्‍यो । तदर्थमा धेरै परियोजनाहरु सकिन लाक्दा किसानहरुले केहि पनि पाएनन् । त्यस कारण सरकार, दातृ निकाय र कार्यक्रम संचालक सबै एकै ठाउँमा बसी आवश्यकता पहिचान गरी परियोजना अगाडि वढाऔं ।

### श्री कमल मैनाली, *चिया व्यवसायी (संचालक हिमालय साग्रीला टि प्रड्युसर्स प्रा.लि.)*

- चिया खेतिका लागि माटो परिक्षणको व्यवस्था छैन । पाँचवर्ष पछाडि मात्र उत्पादन दिने भएकोले ठूलो लगानी हुन्छ । त्यसकारणले गर्दा सरकारले उत्पादन आउने समयसम्म किसानलाई अनुदान दिनुपर्छ । भारतमा १ हेक्टरमा उत्पादन गर्न सरकारले ९० हजार अनुदान दिन्छ ।
- ४० लाख किलो चिया उत्पादन भएपनि मुस्किलले ४ लाख किलो मात्र तेस्रो मुलुक निर्यात हुन्छ । विषाधीको मात्रा अझै अत्यधिक छ । त्यसलाई जाँच्ने ल्यावको व्यवस्था मुलुकमा छैन ।

### श्री डिल्ली बास्कोटा, *महासचिव, हिमालयन अर्थोडक्स टि एशोसियशन (होट्पा )*

- अव Radical Agenda for Changes तोकि सबैका भूमिका निर्धारण गरौं ।
- नेपाललाई विषाधी रहित चिया क्षेत्रका रुपमा विकास गरौं ।
- उत्पादन क्षमता वढाऔं र उत्पादित चियाको मूल्य उच्च बनाउनका लागि अन्तर्राष्ट्रिय मञ्चहरुमा कुटनैतिक पहल गरौं ।

### श्री उदय चापागाई, *गोरखा टि स्टेट, सुन्दरपानी, इलाम*

- सरकारसँग किसानहरुले आस गर्न सकिदैन, नगरौं तर गुनासो चाहि

सुनाऔं ।

- अर्गानिकको लागि विशेष अनुदान, विद्युत महसुल छुट आदिको विशेष व्यवस्था हुन पर्छ ।

### श्री सूर्य प्रसाद गौचन, *अध्यक्ष, होइपा*

- चियापत्तीको क्षेत्रमा देश सुहाउँदो चिया विकास मोडल तयार पार्नु पर्छ । भारतको तथा अन्य देशको जस्तो अन्धअनुसरण बन्द गर्नुपर्छ ।
- साना किसानहरूलाई सहकारीको माध्यमबाट एकतृत गरी उनीहरूको आय आर्जन बढाउन पहल गर्नुपर्छ र निजी उद्यमीहरूले पनि साना किसानहरूबाटै उचित मूल्यमा कच्चा पदार्थ खरिद गर्नुपर्छ ।
- किसानहरूको उत्पादनलाई निजी क्षेत्र र सरकार दुवैले निर्यातमुखी बनाउन पहल गर्नुपर्छ ।
- चियाको नेपाली क्लोन विकास गर्नुपर्ने आवश्यकता छ ।
- चिया पर्यटनवारे स्पष्ट नीति बनाउनुपर्ने आवश्यकता छ ।

### श्री सिताराम घिमिरे

- चियाको विरूवामा किसानहरूलाई सरकारले अनुदान दिओस् । हामी स्वरोजगार सृजना गर्छौं ।

### श्री नरेन्द्र गुरुङ, *जाईका नेपाल*

- नेपाल विश्व व्यापार संगठनको सदस्य भैसकेको अवस्थामा आफ्नो उत्पादन संसारभरिका अन्य उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने हुनुपर्छ । त्यसको लागि अलि ठूलो खालको कार्यशालाको आवश्यकता छ ।

### श्री कृष्ण प्रसाद दाहाल, *निर्देशक, राष्ट्रिय सहकारी विकास वोर्ड*

- कार्यपत्र समग्र हिसावमा आयो, कसको भूमिका के हुने भन्ने स्पष्ट भए अझ राम्रो हुन्थ्यो ।

### श्री वावुराम अधिकारी, *अध्यक्ष, नेपाल पशुपालन केन्द्रीय सहकारी संघ*

- मन्त्री कार्यक्रममा पुरै समय बस्नु सकारात्मक लाग्यो । तर उहाँले आफ्नै कार्यकालमा चिया क्षेत्रका समस्या समाधानका लागि कार्यविधि निर्माण गरिदिए राम्रो हुन्थ्यो ।

कार्यपत्रमाथिको टिप्पणी तथा सुझाव सहित कृषि विभागका महानिर्देशक श्री युवक ध्वाज जि.सी.ले कृषि विभागको उपस्थिति सिंहदर वारदेखि समुदायसम्म नै रहेको वताउँदै चिया क्षेत्रबारे आफ्नो केहि प्राविधिक कमजोरी रहेको वताउँनुभयो । रसायनिक मल तथा विषादीवारे विभाग थप सचेत हुने वताउँदै महानिर्देशक जि.सि.ले चियामा लाग्ने कीरालाई कसरी विषादीविना निमूल गर्ने भन्ने अनुसन्धान भैरहेको वताउँनुभयो । उहाँले किसानहरु तथा सहकारीकर्मीहरूलाई विभागद्वारा प्रकाशित आ.पि.एम. निर्देशिका पालन गर्न अनुरोध गर्नुभयो । उहाँले पाँचै विकास क्षेत्रमा विषादी जाँच्ने द्रुत केन्द्रहरु स्थापना गर्ने वताउँदै माटो परिक्षण केन्द्रमा आएका नमुनाहरु सबै परिक्षण भएको र चियाको प्राङ्गरिकता जाँच गर्न लाग्ने खर्चको निश्चित प्रतिशत सरकारले व्यहोर्ने वताउँनुभयो ।

त्यसैगरी विशिष्ट अतिथि उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण समितिका सभापति माननीय भिष्मराज आङदाम्वेले चिया विकासको क्षेत्रमा लामो लडाई गरेपनि व्यवस्थित नभएकोप्रति गुनासो गर्नुहुँदै आफू उद्योग समितिको अध्यक्ष भैसकेपछि पूर्वाञ्चलका चिया किसानहरूसँग अन्तरक्रिया गरी चियालाई दीर्घकालिन रूपमा नेपालीको पहिचान स्थापित गराई जीवीकोपार्जनको माध्यम बनाउने प्रण पनि गर्नुभयो र चिया क्षेत्रमा काम गर्ने श्रमिकहरूको पीडा अन्य श्रमिकको भन्दा फरक भएकोले त्यसलाई सम्वोधन गरिनुपर्ने वताउनुभयो । उहाँले चिया रोजगारी र अर्थोपार्जनको लागि मात्र नभई भूगोलको सौन्दर्य र पर्यावरण संरक्षणमा उत्तिकै महत्वपूर्ण भएको वताउनुभयो । ९० प्रतिशत चिया भारत निकासी भई दार्जलिङ व्राण्डमा विश्व वजारभरी नेपाली चिया विक्री हुन्छ । यो सत्यलाई कुटनैतिक रूपमा पहल गरी नेपालको व्राण्डलाई प्रवर्द्धन गरेर आर्थिक उपार्जन गर्न आफू लागिपर्ने पनि प्रण गर्नुभयो । त्यसैगरी चिया क्षेत्रको ठूलो प्राविधिक जनशक्ति भारतबाट आउने भएकाले अव नेपालमै प्राविधिकहरु उत्पादन गर्न पहल गर्ने वताउँनुभयो ।

मन्तव्यको क्रममा व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका निर्देशक श्री इश्वरी प्रसाद घिमिरेले सामूहिक ट्रेड मार्क निर्माण गर्नुपर्ने जरुरी औल्याउनुभयो । दुई वर्ष अगाडि नै वाणिज्य मन्त्रालयले प्रक्रिया सुरु गरेको भएपनि चिया उत्पादक संघ/संस्थाहरु एउटै आचार संहिताभित्र आउन नसकेको कारण व्यापारिक चिन्ह निर्माणको बजेट फिर्ता गएको वताउनुभयो ।

मन्तव्यको क्रममा अर्का अतिथि चिया तथा कफि विकास वोर्डका कार्यकारी निर्देशक श्री शेषकान्त गौतमले चिया क्षेत्रमा देखिएका विकृतिहरूलाई निर्मूल गर्ने प्रतिवद्धता व्यक्त गर्दै दातृ निकायहरूलाई व्यवस्थित गर्ने वताउनुभयो । मेची क्याम्पसमा पढ्दै गरेका चिया विज्ञहरूलाई सहुलियत प्रदान गर्ने तथा Placement को लागि कार्य गर्ने वताउनुभयो । उहाँले नेपालमा चियाको अक्सन सेन्टर खोल्नका लागि एक महिनाभित्रै निर्देशिका तयार गरी लागु गर्ने वताउँनुभयो ।

त्यसैगरी कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भट्टराईले चियाको समस्यालाई सरकारले गम्भीर रूपमा लिई ५ वर्षे चिया विकास रणनीति लागु गर्ने वताउँनुभयो । प्रमाणीकरणका लागि सरकारले सहुलियत दिएको तथा वीमाको क्षेत्रमा उत्साहजनक अवस्था देखिएको वताउनुहुँदै सि.ए.डि.पि. तथा उन्नती परियोजनाले केहि काम नगरेको जस्ता टिका टिप्पणी नगर्न अनुरोध गर्नुभयो । ५ वर्ष अगाडिको अन्तर्राष्ट्रिय परिक्षणमा नेपालको चिया स्वीकृत भएको वताउँदै नेपाली चियाको क्लोन विकास गर्ने विषयलाई समर्थन गर्नुभयो । प्रमाणीकरण ऐनको मस्यौदा तयार भएपनि संसदको अनुपस्थितिका कारण अगाडि नवढेको बताउँदै आफू किसान परिवेशबाटै आएको वताउँदै मन्त्रालय किसान मैत्री भएको विश्वास दिलाउनुभयो ।

यसैगरी सहकारी तथा गरीवी निवारण मन्त्रालयका सचिव श्री श्रीधर गौतमले कृषि प्रधान देशको नगदे वालीका रूपमा रहेको चिया क्षेत्रका समस्याहरु समाधान हुनुपर्ने वताउँदै मन्त्रालय र वोर्डले गरेका राम्रा कामहरूको मूल्याङ्कन गरी नभएका कामहरूमात्र औल्याउन आग्रह गर्नुभयो । योजना मात्र बन्ने तर त्यसको कार्यान्वयनको खाका तयार नगर्ने प्रवृत्तिले गर्दा कार्यसम्पादन नभएको वताउँदै चियाले वातावरण जोगाउने र भूक्षय रोक्ने समेत वताउँनुभयो । सहकारीले वजार श्रृंखला निर्माण गरी निर्वाहमुखी अवस्थाबाट व्यवसायिक रूपमा वढ्न मन्त्रालयले सक्दो सहयोग गर्ने वताउँनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि माननिय कृषि विकास मन्त्री हरि पराजुलीले चिया कफि, अदुवा र अलैची जस्तै निर्यातजन्य वस्तु भएकोले यसको उत्पादन तथा प्रशोधनमा विशेष ध्यान दिनुपर्ने वताउनुभयो । चिया तथा कफि विकास वोर्डले विगतमा राम्रो काम गर्न नसकेकोले त्यसको नेतृत्वमा फेरवदल गरेको पनि वताउनुभयो । स्थानिय स्वायत्तता ऐनका कारणले गर्दा कृषि उपजमा जिल्लान्तर गर्दा कर तिर्नुपर्ने नियम अन्तर्गत एउटा जिल्लामा उत्पादित कच्चा पदार्थ अर्को जिल्लामा प्रशोधन गर्न लैजादा कर तिर्नु पर्ने अवस्था आएको हो भन्दै गोष्ठीमा उठेका मुद्दाहरु पुरा भई देश विकासमा टेवा पुगोस् भन्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमको समापन मन्तव्य व्यक्त गर्नु हुँदै कार्यक्रमका सभापति एवं संघका अध्यक्ष श्री गोविन्द प्रसाद दाहालले चियाका पुराना मुद्दाहरु अहिले नै निराकरण नभएपनि सम्वद्ध मन्त्री, सचिव तथा अन्य सरोकारवाला सरकारी तथा अन्य निकायहरूबाट प्रस्तुत प्रतिवद्धताले आशाको संचार गरेको वताउँदै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रमको अन्त्य भएको घोषणा गर्नुभयो । ■

# चिया सहकारी जिल्ला संघहरूसँग उन्नती कार्यक्रमले गरेका गतिविधीहरू

इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा र ताप्लेजुङ्ग जिल्लामा उन्नती कार्यक्रमले विषयत चियाका जिल्ला सहकारी संघहरू सँग समन्वय गरी चिया सम्वन्धि विभिन्न गतिविधिहरू संचालन गरिरहेकोछ । सवै जिल्लाहरूमा चिया खेती प्रविधि तालिम संचालन भइसकेको छ भने सवै जिल्लाका अगुवा कृषकहरूलाई त्यसै गरि बिभिन्न समुह र सहकारीका केही कृषकहरूलाई दार्जिलिङका बिभिन्न चियाबगान र इलामका चिया सहकारी र उद्योगहरूमा ४ दिने अवलोकन भ्रमण गराई यसबाट कृषकहरूले उत्पादन गरेको चियाको गुणस्तर कसरी सुधार गर्न सकिन्छ र त्यसको बजारीकरणको अवस्था के कस्तो छ भन्ने बारेमाजानकारी प्राप्तभएको छ ।

उत्पादनको गुणस्तर सुधार गर्न र अर्ग्यानिक उत्पादनमा जोड दिनु पर्ने भएकोले कृषकहरूलाई अर्ग्यानिक खेतीप्रबिधि शूरू गर्न आवस्यक पर्ने मल उत्पादनको लागि उन्नती कार्यक्रम तेह्रथुमको आर्थिक सहयोगमा सिंहदेवी चिया उत्पादक सहकारी संस्था सोल्मा अन्तरगत रू.१९१००० को लागतमा ३ वटा नमुना भर्मिकम्पोष्ट



*तेह्रथुमको सिहंदेवी चिया सहकारीको कृषककोमा उन्नतीको सहयोगमा निमार्ण गरिएको नमुना भर्मिकम्पोष्ट पिट*

पिट (माउ गड्यौला उत्पादनको लागि) निर्माण गरियो । त्यसै गरि मल उत्पादनको लागि ८ जना कृषककोमा स्थानीय स्रोत साधनको प्रयोग गरि भर्मिकम्पोष्ट पिट निर्माणमा रू. ९०००० वर ाबरको आवस्यक सामग्रीहरू उपलब्ध गराइयो । त्यस्तै पाँचथरका ३ सहकारीहरू हिमालि चिया उत्पादक सहकारी संस्था, लालि चिया उत्पादक तथा प्रशोधन सहकारी संस्था, सिदिङ्वा चिया उत्पादक सहकारी संस्थालाई समेत नमुनाको रूपमा भर्मि कम्पोष्ट पिट निमार्ण गर्न सहयोग गरिएको छ ।

त्यसै गरी पाँचथर, धनकुटा र तेह्रथुममा साना उद्यमी र सहकारी वाट उत्पादन भएको तयारी चियाको स्थानीय बजार प्रबर्धन गरि बिक्रि वितरणमा सहयोग गर्ने उन्नती कार्यक्रमको आर्थिक सहयोगमा बिभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् । जस अन्तरगत तेह्रथुम र धनकुटा जिल्लाका होटल ब्यबसायि तथा ब्यापारीहरू संगको एक दिने अन्तरकृया कार्यक्रम सम्पन्न भई सकेको छ भने बिभिन्न सरकारी तथा गैर सर कारी कार्यलयहरूमा स्थानीय उत्पादनको प्रयोग बढाउन उनुरोध गर्दै प्रचलित विक्रि मुल्यमा ५० प्रतिशत छुट गरि चिया उपलब्ध गराइयो । त्यसै गरि बिभिन्न ब्यापारीहरूलाई चियाको बिक्रि बितरणमा सहयोग गर्न अनुरोध गरियो । अर्थोडक्स चिया उत्पादन प्रबिधि सम्बन्धि डकुमेन्ट्री निर्माण गरि सरोकारवालालाई देखाउने तथा यसका फाइदाहरूको बारेमा जानकारी गराउन फ्ल्यास प्रीन्ट तयार गरि बितरण गरियो । यसबाट स्थानीय उत्पादन स्थानीय बजार बिक्रिमा प्रत्यक्ष सहयोग पुगेको छ । यसै गरि पाँचथर, धनकुटा ईलाम तथा तेह्रथुम जिल्ला संघहरूको समन्वयमा भार तको दार्जिलिङ्ग तथा नेपालका विभिन्न चिया उद्योगहरूमा अगुवा चिया कृषकहरूलाई अवलोकान भ्रमण गराइएको थियो । ■

## तिनजुरे चिया उत्पादक सहकारी संस्थाद्वारा तयारी चिया विक्री कक्ष इलाम सदरमुकामा सञ्चालन



*तिनजुरे चिया उत्पादक सहकारी संस्थाद्वारा ईलाम सदरमुकाम बसपार्क नजिक सञ्चालित चिया पसल*

इलाम जिल्लाको फाकफोक, एकतप्पा र चमैता गाविसलाई आफ्नो कार्यक्षेत्र बनाई चिया कृषकहरूलाई सहकारीमा आबद्ध गराई सहकारीको मूल्य, मान्यता र सिद्धान्त बमोजिम स्थानीय स्रोत, साधन, ज्ञान सीप र सुचनाहरूलाई एकीकृत गरि चिया खेतीलाई व्यवसायिकरण गर्दै 'अर्गानिक चिया उत्पादन, प्रशोधन, गुणस्तर ब्यवस्थापन तथा बजारीकरण गरी समुदायको सामाजिक आर्थिक, शैक्षिक र सांस्कृतिक उन्नती, प्रगति गर्ने उद्धेश्यले वि. सं. २०५१ सालमा स्थापना तिनजुरे चिया उत्पादक सहकारी संस्था लि. को स्थापना भएको हो । ४६ जना सहस्यहरूद्धारा स्थापना गरिएको यो सहकारीमा हाल यस सहकारी संस्थामा ४९ महिला सहित कुल १९९ सदस्यहरू आबद्ध रहेको छ । यस सहकारी संस्थाले आफ्नै लगानीमा चिया प्रशोधन कारखाना स्थापना गरि सञ्चालन गरिरहेको छ । यस सहकारी संस्थाद्धारा उत्पादन गरिएको चिया राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विक्रि वितरण हुदै आएको छ । यसै अनुरूप यस सहकारी संस्थाले आफ्नो बजारीकरण क्रियाकलापलाई व्यवस्थित बनाउन ईलाम सदरमुकाम स्थित बसपार्क नजिकै आफ्नो चिया विक्रि केन्द्र स्थापना गरेको छ । यस सहकारी संस्थाले आफ्नो प्रशोधन कारखानाद्धारा उत्पादित विभिन्न प्रकारका व्लाक टि, वाइट टि, ग्रिन टि लगायतका अर्गानिक गुणस्तरिय अर्थोडक्स चियाहरू यस विक्रि केन्द्रबाट सुलभ मुल्यमा खुद्रा तथा होलसेल रूपमा विक्रि वितरण गर्दै आएको छ । ■

# केन्द्रीय चिया सहकारी संघ द्वारा सन् २०१५ अप्रिलबाट अक्टोबरसम्म संचालन गरिएका मुख्य क्रियाकलाप तथा कार्यक्रमहरू

| क्र.स. | कार्यक्रमको विवरण | संख्या | समय अवधी | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | माइकुप सहकारी प्रशिक्षण प्रशिक्षार्थी तालिम संचालन इलाम (निर्देशिका ३ र ४) | १ | ५ दिन | २० |
| २. | व्यवसायिक योजना तयारी प्रशिक्षण प्रशिक्षार्थी तालिम | १ | ५ दिन | २१ |
| ३. | अगुवा चिया कृषक तथा कर्मचारीहरूलाई अभिलेखिकरण प्रशिक्षक प्रशिक्षार्थी तालिम | १ | ४ दिन | २१ |
| ४. | चियाखेति अभिलेखिकरण सचेतना तालिम | ९ सहकारी | १ दिने | ९६ |
| ५. | चिया सहकारीहरूको व्यवसायिक योजना पुर्नमूल्याङ्कन र योजना निमार्ण | ३ सहकारी | २ दिन | |
| ६. | माईकुप सहकारी सचेतना पाठशाला निर्देशिका ३ र ४ | ६ सहकारी | हप्तामा १ दिन ४ घण्टा ५ हप्ता | १२८ |
| ७. | १ दिने माईकुप सहकारी सचेतना तालिम | ५ सहकारी | १ दिने | १११ |
| ८. | २ दिने माईकुप सहकारी सचेतना तालिम | ४ सहकारी | २ दिन | ८५ |
| ९. | गुणस्तरीय तयारी चिया प्रशोधन तथा टेस्टिङ्  सम्वन्धित चिया प्रशोधन गरिरहेका सहकारीका प्राविधिकहरूलाई प्रयोगात्मक तालिम | १ | ५ दिन | १७ |
| १०. | सहकारी सफ्वेर संचालनमा सहयोग | | निरन्तर | १५ |
| ११. | व्यवसायिक योजना निमार्ण तथा उद्यमशीलता तालिममा सहभागी (गो इन्टरनेशनल द्वारा इलाममा आयोजित) | १ | ३ दिन | १ |
| १२. | सहकारी नेतृत्व विकास तालिममा सहभागी (सहकारी प्रशिक्षण केन्द्र नयाँवानेश्वर काठमाडौ ) | १ | १५ दिन | १ |
| १३. | नेपाल व्यापार एकिकृत रणनिती ९ल्क्क० अभिमुखिकरण तालिममा सहभागी खाद्य तथा गुण नियन्त्रण विभाग विराटनगर | १ | ४ | २ |
| १४. | आफाको (AFA) ३२ औ वैठक तथा गोष्ठीमा सहभागी, म्यान्मार | १ | ६ दिन | २ जना |
| १५. | अनुभव आदन प्रदान सम्वन्धि भ्रमण भियत्नाम कृषक संगठन  भियत्नाम | १ | ५ दिन | २ जना |
| १६. | तयारी चियाको अक्सन सम्वन्धि गोष्ठी तथा वैठकमा सहभागी  - राष्ट्रिय चिया तथा कफी विकास वोर्ड | ४ | ४ पटक | १३ जना |
| १७. | चिया कृषक समचारपत्र प्रकाशन | १ | ५००० प्रति | |
| १८. | हरियो चिया पत्ति अभिलेखन फारम छपाई च्भअयचम पभभउब्लन | १ | ५०० प्रति | |
| १९. | अगुवा चिया कृषकहरूलाई चिया खेती प्राविधिक तालिम उन्नती कार्यक्रम ताप्लेजुङ्गको सहयोगमा | १ | ३ दिन | २९ जना |
| २०. | चियामा विषादी न्युनीकरण तालिम, इलाम -जिल्ला विकास समिति इलामको सहयोगमा | १ | ३ दिन | २७ जना |
| २१. | लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण प्रशिक्षक प्रशिक्षार्थी तालिममा सहभागी (उन्नती कार्यक्रमको आयोजना इलाम) | १ | ३ दिन | १ |
| २२ | राष्ट्रिय सहकारी सञ्जालको वैठकमा सहभागी | ३ | | |
| २३ | उन्नती परियोजना टिम सँग छलफल तथा अन्तरक्रिया | ७ | | |
| २४ | सहकारी विभाग वाट आयोजित वार्षिक समिक्षा वैठकमा सहभागी भई संघ तथा चिया सहकारीहरूको गतिविधिको वारेमा जानकारी | १ | १ | |
| २५ | एशियाली महिला उद्यमीहरूको अन्तरक्रिया कार्यक्रममा सहभागी, काठमाडौ | १ | २ दिन | २ जना |
| २६ | सहकारी विभाग, राष्ट्रिय सहकारी संघ, कृषि मन्त्रालय, सहकारी तथा गरिवी निवारण मन्त्रालय ,राष्ट्रिय चिया तथा कफी विकास वोर्ड, अर्थ मन्त्रालय, व्यवस्थापिका संसद उद्योग वाणिज्य तथा आपुर्ति र कृषि समिति आदिले आयोजना गरेको वैठक तथा गोष्ठीहरूमा सहभागी | १३ | | |
| २७ | सहकारीहरूलाई गा.वि.स. तथा जि.वि.स. र विभिन्न निकायहरूमा प्रस्तवना तयार पार्न सहयोग गरिएको | ६ | | |
| २८. | सहकारी तथा साना उद्योगीहरूलाई तयारी चिया विक्रि वितरण गर्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय व्यापारीहरू सँग समन्वय गरिएको | ५ | | |
| २९ | काठमाडौमा  नेपालको चिया सहकारी क्षेत्रको समस्या तथा समाधान विषयक १ दिने सरोकारवाला निकायहरू सँगको अर्न्तक्रियात्मक कार्यक्रम | १ | १ दिन | ८७ |
| ३० | वहस र पैरवी (चिया र सहकारी क्षेत्रको समस्याहरूलाई समाधानको लागि राज्य तथा विभिन्न सरोकारवाला निकायहरू सँग ) | निरन्तर | | |

# अगुवा चिया कृषक तथा कर्मचारीहरूलाई

## अभिलेखिकरण तथा बेन्चमार्किङ्ग प्रशिक्षक प्रशिक्षार्थी तालिम सम्पन्न

केन्द्रीय चिया सहकारी संघ लि नेपालको आयोजना तथा एग्रीटेरा नेदरलैण्डको सहयोगमा आयोजित अभिलेखिकरण तथा बेन्चमार्किङ्ग प्रशिक्षक प्रशिक्षण तालिम २०७२ भाद्र १-३ मा ईलामको ग्रीन भ्यु होटलमा सम्पन्न भएको छ । चिया खेती प्रणालीलाई व्यवस्थित र व्यवसायिक बनाउन, चियाको लागत मुल्यको बारेमा थाहा पाउन तथा सबै चिया कृषकहरूको अभिलेखलाई एकरूपता दिनका लागि पूर्ण सुचना तथा तथ्याङ्क आउने गरि अभिलेख ढाँचा तयार गर्ने उद्धेश्यले आयोजना गरिएको कार्यक्रममा संघको ३ जना संचालक समितिका सदस्य, ५ सहकारी सहजकर्ता, १२ अगुवा चिया किसानहरू लगायत २१ जनाको सहभागिता रहेको थियो । उक्त तालिममा इलाम, झापा, तेह्रथुम, धनकुटा तथा ललितपुरका अगुवा चिया किसानहरूको सहभागिता रहेको थियो । ३ दिन सम्म चलेको उक्त तालिमले चिया खेती प्रणाली अर्न्तगत हाल किसानहरूले राख्दै आएको अभिलेखलाई एक अर्कासँग तुलना तथा विश्लेषण गरि नयाँ सबै किसानहरूको लागि सुहाउदो स्तरीय फाराम निर्माण गरेको छ । तालिम कार्यक्रममा सहजीकरण ऐग्रीटेरा नेदरलैण्डका रोन भान र आइस व्राण्ड स्नोईले गर्नुभएको थियो । उक्त तालिम कार्यक्रममा




*अगुवा चिया कृषक तथा कर्मचारीहरूलाई अभिलेखिकरण तथा बेन्चमार्किङ्ग प्रशिक्षक प्रशिक्षण तालिमका सहभागिहरु*

थप पृष्ठः १६ मा

### तालिम कार्यक्रमका सहभागिहरु

| क्र.सं. | नाम | ठेगाना | आबद्ध संघ/संस्था | पद |
|---|---|---|---|---|
| १ | रनबहादुर मगर | जितपुर १ ईलाम | अजम्बरे चिया उत्पादक सहकारी संस्था लि. | उपाध्यक्ष |
| २ | सन्तोष कुमार थापा | साङ्गरूम्बा ७ ईलाम | हिलटप चिया उत्पादक सहकारी संस्था लि | फिल्ड कर्मचारी |
| ३ | बेदनिधि पोखेल | सुम्बेक ६ ईलाम | सानिमाई चिया उत्पादक सहकारी संस्था लि | व्यवस्थापक |
| ४ | माधव पौडेल | चमैता ९ ईलाम | तिनझुरे चिया उत्पादक सहकारी संस्था लि | अध्यक्ष |
| ५ | खड्ग बहादुर राउत | शान्तीडाँडा ६ ईलाम | उच्चपहाडी चिया उत्पादक सहकारी संस्था लि | व्यवस्थापक |
| ६ | बिनोद पराजुली | लक्ष्मिपुर ८ ईलाम | लालिगुराँस चिया उत्पादक सहकारी संस्था लि | सचिव |
| ७ | सचिन निरौला | बाहुण्डाँगी २ झापा | शुभ चिया किसान सहकारी संस्था लि | कार्यकारी निर्देशक |
| ८ | देवि कुमारी राई | फिक्कल ५ ईलाम | सुन्दरपानी चिया उत्पादक सहकारी संस्था लि | व्यवस्थापक |
| ९ | रामचन्द्र दाहाल | गोटिखेल ललितपुर | केन्द्रीय चिया सहकारी संघ लि | सञ्चालक सदस्य |
| १० | ख्याम राज प्रधान | सु.न.पा. १० ईलाम | कन्याम चिया उत्पादक सहकारी संस्था लि. | अध्यक्ष |
| ११ | ज्ञानु भण्डारी | नयाँबजार ३ ईलाम | साघुबेसी चिया उत्पादक सहकारी संस्था लि. | सदस्य |
| १२ | पूर्णबहादुर मुखिया | माईपोखरी १ ईलाम | केन्द्रीय चिया सहकारी संघ लि | सञ्चालक सदस्य |
| १३ | विमला राई | शान्तिडाँडा ६ ईलाम | केन्द्रीय चिया सहकारी संघ लि | सहकारी सहजकर्ता |
| १४ | चन्द्रबहादुर लोक्ताम | साखेजुङ्ग ४ ईलाम | केन्द्रीय चिया सहकारी संघ लि | सहकारी सहजकर्ता |
| १५ | याम विक्रम लावती | फिदिम ४ पाँचथर | केन्द्रीय चिया सहकारी संघ लि | सहकारी सहजकर्ता |
| १६ | छत्र योङ्गया | ओयाम ४ पाँचथर | सिदिङ्गवा चिया उत्पादक सहकारी संस्था लि. | अध्यक्ष |
| १७ | दिलकुमारी लिम्बु | दाँगपा ६ तेह्रथुम | केन्द्रीय चिया सहकारी संघ लि | सहकारी सहजकर्ता |
| १८ | अम्बिका थापा | पाखिबास ४ धनकुटा | केन्द्रीय चिया सहकारी संघ लि | सहकारी सहजकर्ता |
| १९ | शंकर खनाल | सोल्मा ३ तेह्रथुम | केन्द्रीय चिया सहकारी संघ लि | सञ्चालक सदस्य |
| २० | भाष्कर बस्नेत | धनकुटा १० धनकुटा | सुगन्धित चिया उत्पादक सहकारी संस्था लि. | सदस्य |
| २१ | रविन राई | देउमाई नगरपालिका ईलाम | केन्द्रीय चिया सहकारी संघ लि | महासचिव |



# चियाको काँटछाँट प्रविधि (Pruning Procedure)

काँटछाँट (Pruning) चिया बगानको नियमित प्रकृया हो । अनावस्यक हाँगाहरू हटाइ उत्पादनशिल हाँगाहरूको संख्या बढाउन र गुणस्तरीय उत्पादन लिनको लागि काँटछाँट गरिन्छ । पत्ति टिप्ने उचाइ कायम राख्न तथा उचाइ बढ्न नदिइ बोटको चौडाइ बढाउन गरिने काम लाई काँटछाँट भनिन्छ ।

## काँटछाँटको आवस्यकता र महत्व

- हाँगाहरूलाई नयाँ बनाइ उत्पादनशिल हाँगाको संख्या बढाउन
- संचित शक्तिलाई उत्पादनमा ल्याउन
- उचाईलाई नियन्त्रणमा ल्याउन र पत्ति टिप्न सजिलो बनाउन
- बोटको स्वास्थ्यलाई सुधारमा ल्याउन
- उत्पादनलाई निरन्तरता दिन
- पुनः रोपण कार्य गर्न
- फल फल्न कम गर्न
- नयाँ सम्भार पत्तिको संख्या बढाउन
- माटोको आर्द्रता जोगाई राख्न
- बिगतमा भएका गल्तिलाई सच्याउन
- रोग किराको आक्रमण कम गर्न
- बाफि पत्ति कम गर्न
- गुणस्तरीय उत्पादन लिन

## पहाडी क्षेत्रमा काँटछाँटमा प्रयोग हुने तरिकाहरू

### क) डिसेन्टरिङ्ग (Decentering)



चियाको बोटको उचाइ बढ्न नदिन बिरूवाको मुल डाँठ काटेर हटाउने काम लाई डिसेन्टरिङ् भनिन्छ ।

चिया रोपण भएको वा एक बर्षमा बिरूवा राम्ररी सरि सकेपछि, डाँठको साइज ५ देखि ७ एम एम वा पेन्सिल साइजको भएपछि, जमिनबाट ६ देखि ९ इन्च उचाइमा २/३ वटा राम्रो हाँगाहरू छाडेर मुल डाठ हटाइन्छ । डिसेन्टर गर्न जरामा खाध्य तत्व राम्ररी संचय भएको हुनु पर्छ । सुख्खा क्षेत्रमा माघ महिना पछि र सुख्खा नलाग्ने क्षेत्रमा माघ महिनामा डिसेन्टर गरिन्छ । डिसेन्टर गर्न निम्न बिधि प्रयोग गर्न सकिन्छ ।

### *क .१) लङ/थम्ब प्रुनिङ (Long/Thumb Pruning)*

यदि ८ इन्च भन्दा तल माउ पात वा हाँगा छैन भने त्यस अवस्थामा हातको औला वा छुरीको प्रयोग गरि निम्न अनुसार गरिने प्रकृया हो ।

- चक्कु वा छुरीको सहायताले चोट लगाएर मर्काउने वा एक तिर अलिकति बोक्रा छाडेर एक इन्च जति बोक्रा ताछि दिने
- मर्काएको बोटको टुप्पा दक्षिण वा पश्चिम फर्काउने
- त्यस भन्दा तलबाट हाँगाहरू प्लाउन थाले पछि मुल डाठ काटेर फाल्ने

### *क.२) डिबडिङ (Debudding)*



नर्सरी बाट बिरूवा निकाल्नु अगाडी वा रोपी सकेको बिरूवालाई बलियो बनाउन र हाँगाहरू बिकसित गर्न मुना र कोपीलाहरू हटाउने कार्य

- हाँगा पर्याप्त नभएको अवस्थामा यो कार्य नर्सरी अवस्थामा पनि गर्न सकिन्छ
- जमिनको सतह भन्दा २० इन्चको मुना टिपीदिने
- दुइ हप्ता पछि ८ इन्च माथिको पातको फेदमा भएको कोपीलाहरू टिपिदिने

### फ्रेम बनाउने कटाई (Farm Formation Prune)

#### *पहिलो फ्रेम बनाउने कटाई (First Farm Formation Prune)*

- डिसेन्टर गरेको बिरूवामा २/३ बर्ष पछि जव हाँगाहरूको मोटाई १ इन्च भन्दा बढि हुन्छ
- मुल हाँगाहरू जमिनको सतह बाट १२/१४ इन्चमा काट्ने
- भित्र परेका सवै हाँगाहरू हटाउने
- मसिना र रोगी हाँगा हरू हटाउने
- काटेको दाग एक आपसमा भित्र फर्काएर काट्ने
- यसमा ३ देखि ५ वटा हाँगाहरू रहन्छन्

#### *दोस्रो फ्रेम बनाउने कटाई (Second Farm Formation Prune)*

- पहिलो फ्रेम बनाएको ३/४ बर्ष पछि हाँगाहरूको मोटाई १ इन्च भन्दा बढि भए पछि
- जमिनको सतहबाट १४/१६ इन्चमा काट्ने
- भित्र परेका, रोगी र मसिना हाँगाहरू सबै हटाउने
- यसमा ५ देखि ७ वटा हाँगाहरू रहन्छन्

## मध्य तथा पहाडी क्षेत्रमा चियाको फ्रेम बनाउने कार्य

पहाडमा चियाका विरूवा ढिलो बढ्ने हुनाले १-२ बर्षको अन्तरमा फ्रेम बनाउने कार्य गर्नु पर्दछ । विरूवालाई काटछाँट गरिसकेपछि रोग र किराको आक्रमणबाट बचाउन काटछाँट गर्दा काटिएको घाऊमा गोवर वा रातोमाटोको लेप लगाउनु पर्छ ।

| बर्ष | महिना | कार्यहरू | पति टिपाई |
|---|---|---|---|
| ० | असार | विरूवा रोप्ने | बढ्न दिने |
| | | जमिनबाट ६ - ८ ईन्चमाथिका अगुवा हाँगा हटाउने भाच्ने । भदौदेखि असोजसम्ममा एकपात बढ्न दिन | २० - २२ ईन्चमा टिपिङ्ग गरी जनमपत्ति टिपाई गर्ने |
| +१ | मंसिर | काटछाँट नगर्ने | जनमपत्ति टिपाई गर्ने |
| +२ | मंसिर, पुष | जमिनबाट १२ - १४ ईन्चमाथि पहिलो फ्रेम बनाउन काटछाँट गर्ने । आवश्यकता हेरी अगुवा हुने प्रकारको र एक अर्कोसंग खप्टिएका हाँगाहरूलाई छनौट गरी हटाउने आवश्यकता हेरी भदौदेखि असोजमा एकपात बढ्न दिने | २० - २२ ईन्चमा टिपिङ्ग गरी जनमपत्ति टिपाई गर्ने |
| +३ | मंसिर/पुष | काटछाँट नगर्ने आवश्यकता हेरी भदौदेखि असोजमा एकपात बढ्न दिने | जनमपत्ति टिपाई नगर्ने |
| +४ | मंसिर/पुष | काटछाँट नगर्ने | जनमपत्ति टिपाई नगर्ने |
| +५ | मंसिर/पुष | जमीनबाट १४- १६ ईन्चमाथि अन्तिम फ्रेम बनाउन काटछाँट गर्ने । आवश्यकता हेरी अगुवा हुने प्रकारका र एक अर्कोसग खप्टिएका हाँगाहरू हटाउने आवश्यकता हेरी भदौ देखि असोजमा १ पात बढ्न दिने । | २२ - २४ ईन्चमा टिपिङ्ग गरी जनमपत्तिको टिपाई गर्ने । |

## सुख्खा नलाग्ने  तराई क्षेत्रमा चियाको फ्रेम बनाउने बिधि

| बर्ष | महिना | कार्यहरू | पति टिपाई |
|---|---|---|---|
| ० | असोज-कार्तिक | विरूवा रोप्ने | बढ्न दिने |
| +१ | फाल्गुन-चैत्र, जेष्ठ-असार | जमीनबाट ६-८ ईन्चमाथि मूख्य अगुवा हाँगा हटाउने वा हातले भाचि दिने । आवश्यकता हेरी अगुवा हुने प्रकारका र एक अर्कासंग खप्टिएका हाँगाहरू हटाउने । आवश्यकता हेरी भदौदेखि असोजसम्ममा १ पात बढ्न दिने | २४-२६ ईन्चमा टिपिङ्ग गरी जनमपत्तिको टिपाई गर्ने । |
| +२ | | काटछाँट नगर्ने | जनमपत्ति टिपाई गर्ने |
| +३ | मंसिर/पुष | जमिनबाट १४-१६ ईन्चमाथि पहिलो फ्रेम बनाउन काटछाँट गर्ने । आवश्यकता हेरी अगुवा हुने प्रकारको र एक अर्कासग खप्टिएका हाँगाहरू छनौट गरी हटाउने । आवश्यकता हेरी भदौदेखि असोजमा १ पात बढ्न दिने । | २४-२६ ईन्चमा टिपिङ्ग गरी जनमपत्तिको टिपाई गर्ने । |
| +४ | मंसिर/पुष | जमिनबाट १६-१८ ईन्चमाथि अन्तिम फ्रेम बनाउन काटछाँट गर्ने । आवश्यकता हेरी अगुवा हुने प्रकारको र एक अर्कासग खप्टिएका हाँगाहरू छनौट गरी हटाउने । आवश्यकता हेरी भदौ देखि असोजमा १ पात बढ्न दिने | २६-२८ ईन्चमा टिपिङ्ग गरी जनमपत्तिको टिपाई गर्ने । |

## कलमी चक्र (Pruning Cycle)

झँाङ भइ सकेको बगानमा ठाउँ, समय र परिस्थिती हेरेर हल्का कटाइ वा छसाई प्रकृया अपनाइ बगानको उत्पादन तथा बिकास प्रकृया निरन्तर र समान बनाउन र उत्पादनको गुणस्तर कायम राख्न बिभिन्न काटछाँटका तरिका अपनाइन्छ । एक प्रकारको कटाइ प्रकृया कति बर्षमा गरिन्छ ? र त्यस बिचमा के के बिधि का कटाइ प्रकृया अवलम्वन गरिन्छ त्यो नै कलमी चक्र हो । तराइ क्षेत्रमा ३ देखि ५ बर्षे कलमी चक्र र पहाडी क्षेत्रमा अवस्था अनुसार ५ बर्षे वा ६ बर्षे कलमी चक्र प्रयोगमा ल्याइएको छ ।

## तीन बर्षे काटछाँट चक्र

यो चक्र तराई क्षेत्रमा भएका बगानहरूमा गर्नु उपयुक्त हुन्छ । जसअनुसार निम्न नाम Terminology द्धारा बगानलाई ३ भागमा बाँडेर गरिन्छ ।




३ बर्षे काटछाँट चक्र अपनाउदा कुन प्रयोजनका लागि काटछाँटको कुन तरिका उपयुक्त हुन्छ भन्ने ठहर गरेर मात्र काटछाँट गर्नुपर्दछ । यसका लागि निम्न तीन पक्षलाई ध्यान दिनु पर्दछ ।

| बर्ष | एक | दुई | तीन | एक |
|---|---|---|---|---|
| कार्य | LP (हल्का कटाई गर्ने) | DS/UP (गहिरो कटाई/काटछाँट नगर्ने) | UP काटछाँट नगर्ने, हल्का कटाई गर्ने | LP (हल्का कटाई गर्ने) |
| प्रतिशत | ३३ | ३३ | ३३ | |

१. उत्पादन बृद्धि र गुणस्तर का लागि LP-DS-UP चक्र अपनाउनु पर्दछ ।

२. उत्पादन मात्र बृद्धि गर्नका लागि LP-UP-UP चक्र अपनाउनु पर्दछ ।

३. गुणस्तर मात्र कायम गर्नका लागि LP-DS-UP/LP-UP-DS/LP-UP-MS चक्र अपनाउनु पर्दछ ।




## चार बर्षे काँटछाँट चक्र

यो चक्रका लागि सिगो बगानलाई वा निश्चित क्षेत्रफलको

| बर्ष | एक | दुई | तीन | चार | एक |
|---|---|---|---|---|---|
| कार्य | LP १६ ईन्चमा हल्का काटछाँट मात्र | LOS/UP टेवल मात्र मिलाउने वा काटछाँट नगर्ने | LS/DS हल्का टुप्पो मात्र छास्ने वा गहिरो छास्ने | DS/UP गहिरो टुप्पो मात्र छास्ने वा काटछाँट नगर्ने | LP १६ ईन्च को विरूवा ४ बर्षपछि पाचौ बर्षमा १८ को हुनेछ । |
| प्रतिशत | २६ | २५ | २५ | २४ | |

बगानलाई चार भागमा विभाजन गरी निम्न नाम Terminology का आधारमा काटछाँट गरिन्छ ।

काटछाँटका लागि हरेक बगानलाई चार प्लटमा विभाजन गर्दा प्रत्येक प्लटमा बर्षका २५ प्रतिशतका दरले गरिने कार्य योजना निम्नानुसार हुनेछ ।







## हल्का कटाई (Light Pruning ) --- L P

- ▶▶ फ्रेम बनाउने कटाइ (FFP) वा अघिल्लो हल्का कटाई (LP) भन्दा २ इन्च माथि सबै हाँगाहरू काट्ने
- ▶▶ सुख्खा लाग्ने क्षेत्रमा पुष महिना भित्रमा सुख्खा नलाग्ने क्षेत्रमा मंसिर र पुस महिनामा
- ▶▶ भित्री हाँगाहरू सबै खोलेर
- ▶▶ कटाईको दाग भित्र पारेर
- ▶▶ रोगी, साना हाँगाहरू र गाँठाहरू हटाएर
- ▶▶ सलकी हाँगाहरू मात्र रहने गरी हाँगाहरू हटाउदा फेदमा मिलाएर काट्नु पर्छ



## छसाई (Skiffing)

- ▶▶ पत्ति टिपेको उचाई मिलाउने काम
- ▶▶ पत्ति टिपाइमा बढेको उचाई (Creep) हटाएर
- ▶▶ बाँफि र ठाडा पातहरू हटाएर
- ▶▶ उत्पादन नदिने र अनावस्यक हाँगाहरू हटाएर
- ▶▶ रोगी हाँगाहरू हटाएर
- ▶▶ अघिल्लो कटाइमा र पत्ति टिपाइमा बिग्रेको सच्याएर

## गहिरो छसाई (Deep Skiffing) --- D S

L P गरेको २ वा ३ बर्षमा जब पत्ति टिप्ने सतहमा मसिना हाँगाहरू धेरै भएर उत्पादन मा कमि आउन थाले पछि चरिनङ्ग्रे हाँगाहरू हटाएर काट्ने




- ▶▶ अघिल्लो L P गरेको र पत्ति टिपेको सतहको बिचमा
- ▶▶ अघिल्लो L P गरेको दाग भन्दा ४/५ इन्च माथि
- ▶▶ उत्पादन नदिने र अनावस्यक हाँगाहरू हटाएर
- ▶▶ रोगी हाँगाहरू हटाएर
- ▶▶ अघिल्लो कटाइमा बिग्रेको सच्याएर
- ▶▶ सलकी र कापे हाँगाहरू राखेर
- ▶▶ गाँठोहरू नरहने गरि

## हल्का छसाई ( Light Skiffing) --- L S

पत्ति टिपाइको सतहमा छाडिएको भागहरू र बढेको उचाइको भाग हटाएर सतह मिलाउने कार्य

- ▶▶ पहिले पत्ति टिपेको सतह नभेट्ने गरि त्यस भन्दा माथि बढेको भाग मात्र काट्ने
- ▶▶ रातो भएका डाँठहरू नभेट्ने गरि काट्ने
- ▶▶ ठाडा पातहरू काट्ने
- ▶▶ उत्पादन नदिने ल्त्रेका र अनावस्यक हाँगाहरू हटाएर काट्ने
- ▶▶ रोगी हाँगाहरू हटाएर काट्ने

## सतहको छसाई ( Level Of Skiffing) --- L O S

पत्ति टिपाइको सतहमा छाडिएको भागहरू मात्र काटेर सतह मिलाउने कार्य

- पहिले पत्ति टिपेको सतह नभेट्ने गरि त्यस भन्दा माथि बढेको भाग मात्र काट्ने
- होचो अग्लो मिलाउने
- उत्पादन नदिने लत्रेका र अनावस्यक हाँगाहरू हटाएर काट्ने
- रोगी हाँगाहरू हटाएर काट्ने

## पुनयौवन दिने काँटछाँट (Rejuvination Pruning)

चियाका बोटको उमेर बढदै जादा उत्पादन क्षमतामा ह्रास आउनुको साथै हरियो पत्तिबाट उत्पादित तयारी चिया (Made Tea) को गुणस्तरमा समेत ह्रास आउछ । चियाका बोटहरूलाई काटछाँट गरेर जवान पारिराख्ने हो भने चियाको हरियो पत्तिको उत्पादन क्षमता र तयारी चियाको गुणस्तरमा ह्रास आउन पाउदैन ।

### १) हलुका कटाई (Light Pruning)

यस अघिको प्रुनिङ्ग गरेको चिन्हबाट २ देखि ३ ईन्चमाथि वा जमीनको सहतबाट २२, २४ वा २६ ईन्चमाथि काटिने कार्यलाई हल्का कटाई (Light Pruning) भनिन्छ । यो कार्य माउबोट (Mother Bush) राख्नु परेमा फोके मरूवा व्याक रट आदि लागेमा पनि गर्ने गरिन्छ ।

### २) मध्यम कटाई (Medium Pruning)

पहाडमा ३०-३५ बर्षे बोटहरूलाई पुनः गुणस्तरीय र उत्पादनशील बनाउने जमीनको सहतबाट १६-१८ ईन्चमा काट्ने कार्यलाई मध्यम कटाई भनिन्छ । तराईमा यही कार्य २०-२५ बर्षमा गर्ने गरिन्छ ।

### ३) गहिरो कटाई (Heavy Pruning)

पहाडमा ४०-५० बर्षे बोटहरूलाई पुनः गुणस्तरीय र उत्पादनशील बनाउन जमीनको सतहबाट १२-१५ ईन्चमा काटेर उत्पादन योग्य बनाउने कार्यलाई गहिरो कटाई भनिन्छ । तराईमा यो कार्य ३०-४० बर्षमा गर्ने गरिन्छ ।

### ४) फेद कटाई (Colar Pruning)

पहाडी क्षेत्रमा ८०-९० बर्षे बोटहरूलाई आरी (Saw) ले जमीनको सतहबाट ८-१० ईन्चमाथि काटेर नयाँ उत्पादनयोग्य बिरूवा बनाईन्छ । तराईमा ६०-७० बर्षमा यो कार्य गर्ने गरिन्छ । ■

- शंकर खनाल
*संचालक सदस्य*
*केन्द्रीय चिया सहकारी संघ लि. नेपाल*

# ताप्लेजुङ्गका अगुवा चिया कृषकहरूलाई चिया खेती प्राविधिक तालिम प्रदान

चिया नेपालबाट निर्यात गरिने वस्तु मध्ये प्रमुख कृषि उत्पादन हो । अर्न्तराष्ट्रिय बजारको सानो हिस्सा ओगटेको भएपनि यसको निर्यातको सम्भावना बढी रहेको छ जसले नेपालीहरूको सामाजिक आर्थिक अवस्थालाई सुधार गरि गरिबि निवारणमा ठूलो सहयोग पुऱ्याउने देखिन्छ । नेपाली आर्थोडक्स चियाको उत्पादनमा साना चिया कृषकहरूको ठूलो भूमिका रहेको छ । यस किसिमका साना किसानहरुले कुल उत्पादनको ६७.५२% तथा कुल चिया रोपनी क्षेत्रफलको ६१.४९ % हिस्सा ओगटेको छ । यद्यपी यी साना चिया किसानहरूले उत्पादन गर्ने हरियो चियाको उत्पादकत्व तथा गुणस्तर भने न्यून रहेको पाइन्छ जसको मुख्य कारण चिया कृषकहरुमा चिया खेतीको प्राविधिक ज्ञानको कमि, रोग किरा नियन्त्रण गर्न ज्ञानको अभाव, उचित मलखादको ज्ञानको अभाव, हरियो चिया पत्तिको सहि व्यवस्थापनको कमी आदि रहेको पाइन्छ । यस्ता विविध समस्या तथा अभावहरूलाई न्यूनीकरण गर्नका लागि केन्द्रीय चिया सहकारी संघको आयोजना तथा उन्नती कार्यक्रम ताप्लेजुङ्गको (UNNATI Inclusive Growth Program) को आर्थिक सहयोगमा ताप्लेजुङ्ग जिल्लाका अगुवा चिया कृषकहरूको लागि चिया प्राविधिक तालिम २०७२ आश्विन १० देखि १३ गते सम्पन्न भएको छ । अगुवा चिया कृषकहरूको चिया खेती प्रणालीमा सुधार ल्याउन तथा आगामि दिनहरुमा अन्य चिया कृषकहरूलाई चिया खेती सम्बन्धि तालिम तथा सहयोग गर्न सक्ने उपयुक्त व्यक्तिको पहिचान गरि चिया प्राविधिकको विकास गर्ने उद्धेश्यका साथ उक्त तालिम कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त तालिम कार्यक्रम २० जना पुरूष, ०९ महिला गरि जम्मा २९ जना व्यक्तिहरूलाई प्रदान गरिएको थियो ।

तालिम कार्यक्रमलाई प्रभावकारी तथा सिकाईमुलक बनाउनका निम्ति सैद्धान्तिक तथा प्रयोगात्मक दुबै विधिबाट तालिम सञ्चालन गरि एको थियो । प्रत्येक तालिम कार्यक्रम एक औपचारिक कार्यक्रमबाट सुरू गरिएको थियो भने तालिम कार्यक्रममा अन्तिम दिन पनि औपचारिक कार्यक्रम सञ्चालन गरि सहभागिहरूलाई प्रमाणपत्र वितरण गरि समाप्त गरिएको थियो । तीन दिन सम्म सञ्चालित उक्त कार्यक्रम जम्मा १२ वटा सेसनमा विभाजन गरि सैद्धान्तिक तथा प्रयोगात्मक दुबै विधिबाट सञ्चालन गरिएको थियो । तालिम कार्यक्रममा उन्नती परि योजनाका तर्फबाट पनि लैङ्गीक तथा समाजिक समाबेशीकरणको बारेमा समेत सहजीकरण भएको थियो । ■



*तालिम कार्यक्रमका प्रशिक्षक ज्योति अधिकारी सहभागिहरूलाई चिया काँटछाँटको व्यवहारिक अभ्यास गराउँदै*

# चिया सहकारीहरूको व्यवसायिक योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न

नयाँ तथा कमजोर चिया सहकारीहरू आत्मनिर्भर तथा दिगो बन्नका लागि व्यवसायिक हुन जरूरी हुन्छ । जसको लागि सहकारीहरूले आफ्नो कार्यक्षेत्रभित्र रहि निश्चित व्यवसायिक क्रियाकलाम गर्न अपरिहार्य छ । तसर्थ कमजोर तथा नयाँ प्रारम्भिक चिया सहकारीहरूको क्षमता अभिबृद्धि गर्नका लागि केन्द्रीय चिया सहकारी संघ नेपालले चिया सहकारीहरूको व्यवसायिक योजना निर्माण गर्न सहयोग गर्दै आईरहेको छ । केन्द्रीय चिया सहकारी संघ लि. नेपाल र एग्रीटेरा नेदरलैण्डको सहयोगमा इलाम, पाँचथर, झापा, ताप्लेजुङ्का विभिन्न ४ चिया सहकारीहरूको व्यवसायिक कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठी संचालन गरी सहकारीहरूको ३ वर्षको कार्ययोजना निर्माण गरेको छ । यस गोष्ठीमा सहकारीहरूको अवस्था विश्लेषण गरी भावी तीन वर्षमा गरिने क्रियाकलापहरूको प्राथमिकिरण गरी योजना तर्जुमा गरिएको थियो । सहकारीहरूले आगामी दिनमा सदस्ता वृद्धि, शेयर तथा वचत वृद्धि, नर्सरी तथा रोपण विस्तार, सानो प्रशोधन उद्योग संचालन, अर्गानिक चिया खेती उत्पादन, भर्मी कम्पोष्ट उत्पादन, सहकारी शिक्षा, प्राविधिक तालिमलगायतको क्रियाकलापहरूलाई योजनामा समावेश गरेको छ । यस योजनाले आगामी दिनमा गर्ने कार्यहरूको दिशा निर्देश गरी सहकारीहरूको व्यवसायिक विकास गर्ने कार्यमा सहयोग मिल्ने छ । उक्त कार्याशाला गोष्ठिमा विभिन्न सहकारीका ३७ महिला र १९५ पुरूष सहित २३२ जनाको सहभागिता रहेको थियो । ■




*सुरेन्द्रनगर चिया उत्पादक सहकारी संस्थाको व्यवसायिक तथा रणनैनितक योजना निर्माण कार्याशाला गोष्ठीका सहभागिहरू*

## नयाँ व्यवसायिक योजना तयार गरिएको सहकारीहरूको विवरण

| क्र.सं. | सहकारीको नाम | ठेगाना | मिति | सहजकर्ता |
|---|---|---|---|---|
| १ | सुरेन्द्रनगर चिया उत्पादक सहकारी संस्था लि. | मेचिनगर १ झापा | २२ र २३ जेष्ठ २०७२ | चन्द्र लोक्ताम, योगेश्वर दाहाल, शालिकराम ढुङ्गाना |
| २ | सोपान चिया उत्पादक सहकारी संस्था लि. | सु. न.पा. ७ ईलाम | ५ र ६ असाढ २०७२ | चन्द्र लोक्ताम, गणेष अर्याल, योगेश्वर दाहाल |
| ३ | पाथिभरा चिया उत्पादक सहकारी संस्था लि | हाङ्देवा १ ताप्लेजुङ् | १० र ११ आश्विन, २०७२ | विमला राई, यामविक्रम लावती |
| ४ | सिदिङ्वा चिया उत्पादक सहकारी संस्था लि. | ओयाम ४ पाँचथर | ९ र १० असाढ २०७२ | याम बिक्रिम लावती, चन्द्र लोक्ताम |

पृष्ठ: ११ बाट जारी

सहजकर्ताहरूले नेदरलैण्ड, फिलिफिन्स, भियतनाममा अभिलेखनका उदाहरण पनि प्रस्तुत गरिएको थियो । उक्त तालिम कार्यक्रमका सहभागिहरूद्वारा २ जनाको समुह निर्माण गरि आगामी २ बर्ष भित्रमा ५० चिया सहकारीहरूमा चिया खेती अभिलेखिकण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना निर्माण गरेका छन् साथै ६ सदस्यीय अनुगमन तथा सहयोग समिति समेत निर्माण गरेको छ ।

तालिमको समापन समारोहमा बोल्नुहुदै संघका महासचिव रविन राईले चिया क्षेत्रको व्यवसायिकिकरण गर्न तथा व्यवस्थित गर्नका लागि अभिलेखिकरणको महत्वबारेमा जोड दिनुहुदै संघको आगामी दिनको योजना सहभागिहरूलाई बताउनुभएको थियो । कार्यक्रममा संघका अध्यक्ष गोविन्द प्रसाद दाहालले सम्पूर्ण चिया क्षेत्रको अभिलेख राख्ने र तथ्याङ्क बैकको अवधारणालाई उक्त तालिमले सहयोग पुर्याउने कुरा बताउनुभएको थियो । यस अभिलेखिकरण तालिमले तयार पारेका अभिलेख फारामको प्रयोगले अब चिया किसानहरूबाट आउने तथ्याङ्कहरू बास्तविक तथा तथ्यपरक हुने कुरामा बताउनुभएको थियो । ■

# माई कूप सहकारी सचेतना पाठशाला सम्पन्न

केन्द्रीय चिया सहकारी संघ लि. नेपाल, चिया सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको वारेमा जनचेतना जगाई सहकारीको सिद्धान्त, मर्म र भावना अनुरूप सहकारी संचालन गरी दिगो आर्थिक विकासमा सहयोग पुऱ्याउनका लागि सहकारी सचेतना पाठशाला संचालन गरिरहेको छ । यसै अनुरूप अर्न्तराष्ट्रिय श्रम संगठन (ILO) ले कृषि सहकारीहरूको सुदृढिकरण, सदस्यहरूलाई प्रभावकारी र अनुकुल सेवा प्रदान गर्न सकोस् भन्ने लक्ष्यका साथ तयार गरेको तालिम पाठ्यक्रम माई कूप (My.COOP) आधारमानि संघ, सहकारी र एग्रीटेरा नेदरलेण्डको संयुक्त आर्थिक सहभागितामा विभिन्न सहकारी संस्थाहरूमा माईकुप सहकारी सचेतना पाठशाला तालिम सम्पन्न भएको छ ।



तिनजुरे चिया उत्पादक सहकारी संघ लि मा सम्पन्न माईकुप सहकारी सचेतना पाठशालाका सहभागिहरू

संघले यसअघि माईकुप सहकारी सचेतना पाठशाला अर्न्तगत निर्देशिका १ र २ सञ्चालन गरेको सहकारीमा माईकुप निर्देशिका ३ र ४ पनि सञ्चालन गरेको छ । जस अर्न्तगत ईलाममा ३, धनकुटा १, तेह्रथुम १, पाँचथर १ गरि ६ सहकारीहरूमा उक्त तालिम सञ्चालन गरेको छ । उक्त तालिम कार्यक्रम हप्तामा १ दिन ४ घण्टाको दरले ५ हप्तासम्म सञ्चालन गरिएको थियो । उक्त तालिम कार्यक्रममा २१ महिला सहित कुल १२८ जनाको सहभागिता रहेको थियो ।

यसैगरि विभिन्न जिल्लाका ५ वटा चिया सहकारीहरूको आयोजनामा एक दिने सहकारी माईकुप सचेतना तालिम सम्पन्न भएको छ । उक्त एक दिने सचेतना कार्यक्रम ईलाम जिल्लाका २, धनकुटा जिल्लाका १, तेह्रथुम जिल्लाका १, पाँचथर जिल्लाका १ सहकारीमा सञ्चालन गरिएको थियो भने १११ जना सदस्यहरूको तालिममा सहभागिता थियो । यस तालिममा सहकारीहरूमा सहकारी संचालनका लागि गर्नु पर्ने अवधारणाका साथै सहकारी सिद्धान्त तथा यसको व्यवहारिक प्रयोग तथा सहकारीको चुनौती र सदस्यहरूको प्रतिवद्धता जस्ता विषयवस्तुहरू समावेश गरिएको थियो । ■

## सहकारी सचेतना पाठशाला सञ्चालन गरिएको सहकारीहरू

| क्र.सं. | सहकारीको नाम | ठेगाना | सहजकर्ताहरू |
|---|---|---|---|
| १ | ईको चिया उत्पादक सहकारी संस्था लि | कोल्बुङ् २ ईलाम | रविन राई, चन्द्रवहादुर लोम्ताम |
| २ | सानिमाई चिया उत्पादक सहकारी संस्था लि | सुलुबुङ् ५ ईलाम | चन्द्र वहादुर लोक्ताम, रविन राई, विमला राई |
| ३ | तिनजुरे चिया उत्पादक सहकारी संस्था लि. | फाकफोक ईलाम | रविन राई, विमला राई, चन्द्र वहादुर लोम्ताम, रेख वम्जन, |
| ४ | नाम्फुङ्यक चिया उत्पादक सहकारी संस्था लि | फिदिम ८ पाँचथर | रविन राई, याम विक्रम लावती |
| ५ | कुलकुले चिया उत्पादक सहकारी संस्था लि | ओखे ८ तेह्रथुम | शंकर खनाल, दिलकुमारी लिम्वु, झमक वहादुर लिम्वु |
| ६ | राम्चे अर्गानिक चिया उत्पादक सहकारी संस्था लि. | राम्चे ३, धनकुटा | अम्विका थापा, र्सिजना खतिवडा |

## १ दिने माईकुप सञ्चालन गरिएको सहकारीहरूको विवरण

| क्र.सं. | सहकारीको नाम | ठेगाना | मिति | सहजकर्ताहरू |
|---|---|---|---|---|
| १ | सोपान चिया उत्पादक सहकारी संस्था लि. | सुर्योदय नगरपालिका ७ ईलाम | १ जेष्ठ २०७२ | रविन राई चन्द्र लोक्ताम |
| २ | त्रियुगा चिया उत्पादक सहकारी संस्था लि. | शान्तिडाँडा ६ ईलाम | ३० जेष्ठ २०७२ | रविन राई |
| ३ | सुगन्धित चिया उत्पादक सहकारी संस्था लि. | भिरगाँउ ३ धनकुटा | १४ असाढ २०७२ | अम्बिका थापा |
| ४ | जनहित चिया उत्पादक सहकारी संस्था लि. | ओयाकजुङ् १ तेह्रथुम | १० असाढ २०७२ | दिलकुमारी लिम्बु |
| ५ | आगेजुङ् चिया उत्पादक सहकारी संस्था लि. | पञ्चमी १ पाँचथर | ५ असाढ २०७२ | यामविक्रम लावती<br>ईन्द्रप्रसाद आङ्देम्बे |

# व्यवसायिक योजना निर्माण प्रशिक्षक प्रशिक्षार्थी तालिम सम्पन्न

केन्द्रीय चिया सहकारी संघ नेपालले विभिन्न प्रारम्भिक चिया सहकारी सस्थाहरूको व्यवसायिक योजना निर्माण गर्न प्राविधिक तथा आर्थिक सेवा उपलब्ध गराउदै आईरहेको छ यद्यपी संघसँग व्यवसायिक योजना निर्माण गर्न आफ्नै जनशक्ति भने पर्याप्त नभएको परिपेक्ष्यमा संघले व्यवसायिक योजना निर्माण गर्नका लागि आफ्नै जनशक्ति तयार गर्ने उद्धेश्यले ५ दिने व्यवसायिक योजना निमौण प्रशिक्षक प्रशिक्षार्थी तालिम जेष्ठ १४ देखी १८ २०७२ मा ईलामको कर्मचारी मिलन केन्द्रको भवनमा सञ्चालन गरि सम्पन्न गरेको छ । एग्रीटेरा नेदरलैण्डको आर्थिक सहयोगमा सम्पन्न उक्त तालिमले ईलाम, झापा, पाँचथर, धनकुटा, तेह्रथुम लगायतको जिल्लाहरूको प्रारम्भिक चिया सहकारीका व्यवस्थापकहरू, सञ्चालक समितिका पदाधिकारीहरू लगायत संघको सहकारी सहजकर्ताहरू सहित २१ सहभागिहरूलाई प्रशिक्षित गरि प्रशिक्षकको रूपमा तयार पारेको



*व्यवसायिक योजना निर्माण प्रशिक्षक प्रशिक्षार्थी तालिमका सहभागीहरू*

## व्यवसायिक योजना प्रशिक्षक प्रशिक्षार्थी तालिमका सहभागिहरु

| क्र.सं. | नाम | ठेगाना | आबद्ध संघ संस्था | पद | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | याम विक्रम लावती | फिदिम ४ पाँचथर | केन्द्रीय चिया सहकारी संघ | सहकारी सहजकर्ता | ९८५२६८१८९६ |
| २ | विमला राई | शान्तिडाँडा ६ ईलाम | केन्द्रीय चिया सहकारी संघ | सहकारी सहजकर्ता | ९८६२६६५९१७ |
| ३ | चन्द्रबहादुर लोक्ताम | साखेजुङ्ग ४ ईलाम | केन्द्रीय चिया सहकारी संघ | सहकारी सहजकर्ता | ९८०५३५२८९६ |
| ४ | अम्बिका थापा | पाखिबास ४ धनकुटा | केन्द्रीय चिया सहकारी संघ | सहकारी सहजकर्ता | ९८४२१५८८३४ |
| ५ | दिलकुमारी लिम्बु | दाँगपा ६ तेह्रथुम | केन्द्रीय चिया सहकारी संघ | सहकारी सहजकर्ता | ९८४२१३३५७५ |
| ६ | टंक बहादुर पौड्ल | फुलेक ट तेह्रथुम | फुलेक चिया उत्पादक सहकारी संस्था लि | सञ्चालक सदस्य | ९७४२००३१४९ |
| ७ | कृष्ण प्रसाद भट्टराई | सुर्योदय नगरपालिका ११ ईलाम | गोगने चिया उत्पादक सहकारी संस्था लि. | सदस्य | ९८६२६५५९४० |
| ८ | सृजना खतिवडा | धनकुटा १ हिले | मकालु चिया उत्पादक सहकारी संस्था लि. | सदस्य | ९८४२१५६८६४ |
| ९ | बेदनिधि पोखेल | सुम्बेक ८ ईलाम | सानिमाई चिया उत्पादक सहकारी संस्था लि. | व्यवस्थापक | ९८४२६४६७०१ |
| १० | विनोद राई | देउमाई नगरपालिका ईलाम | उच्च पहाडि चिया उत्पादक सहकारी संस्था लि. | सदस्य | ९८६२६०१५४१ |
| ११ | सुर्यबहादुर खड्का | सुर्योदय नगरपालिका ११ ईलाम | कन्याम चिया उत्पादक सहकारी संस्था लि | व्यवस्थापक | ९८४२६३६३५१ |
| १२ | सालिकग्राम ढुङ्गाना | मेचिनगर ८ झापा | सुरेन्द्रनगरि चिया उत्पादक सहकारी संस्था लि | व्यवस्थापक | ९७४२६७११५४ |
| १३ | होम बस्नेत | साखेजुङ्ग ७ ईलाम | साखेजुङ्ग चिया उत्पादक सहकारी संस्था लि. | व्यवस्थापक | ९८४२६६२१६२ |
| १४ | गोपाल घिमिरे | सु.न.पा. ११ ईलाम | हुरहुरे चिया उत्पादक सहकारी संस्था लि. | व्यवस्थापक | ९८४४६२९२०५ |
| १५ | प्रमोद खनाल | जितपुर २ ईलाम | अजम्बरे चिया उत्पादक सहकारी संस्था लि | सदस्य | ९८४२७८१९०० |
| १६ | टंकनाथ न्यौपाने | सिद्धिथुम्का ९ ईलाम | नवमी चिया उत्पादक सहकारी संस्था लि. | व्यवस्थापक | ९८०६०५१५४७ |
| १७ | सोमनाथ शर्मा | फाकफोक ९ ईलाम | तिनजुरे चिया उत्पादक सहकारी संस्था लि. | लेखा संयोजक | ९८४२७२९०५१ |
| १८ | धनमाया आले | पञ्चकन्या ८ ईलाम | हिमशिखर चिया उत्पादक सहकारी संस्था लि. | व्यवस्थापक | ९८४४६१३७३९ |
| १९ | सबिन बस्नेत | साखेजुङ्ग ६ ईलाम | ग्रीनहिल चिया उत्पादक सहकारी संस्था लि. | व्यस्थापक | ९८०६०३२०३९ |
| २० | प्रमिला तामाङ्ग | प्राङ्गबुङ्ग ७ पाँचथर | प्राङ्गबुङ्ग चिया उत्पादक सहकारी संस्था लि | लेखा सदस्य | ९८१४९९६०३० |
| २१ | गणेश अर्याल | कोल्बुङ्ग ४ ईलाम | ईको चिया उत्पादक सहकारी संस्था लि. | व्यवस्थापक | ९८५२६८०३४४ |

छ । व्यवसायिक योजना निर्माण गर्न आफ्नै दक्ष जनशक्ति विकास गर्ने उदेश्यले सञ्चालित उक्त तालिमको सहजीकरण नेप्सकुनका सञ्चालक सदस्य ईन्द्रज्योति पौड्ल तथा बिकु सहकारीका अध्यक्ष हरिलाल सापकोटाद्वारा गरिएको थियो ।

तालिम कार्यक्रमको उद्घाटन संघका अध्यक्ष श्री गोविन्द प्रसाद दाहालद्वारा गरिएको थियो भने तालिममा संघका सञ्चालक सदस्य श्री पूर्णबहादुर मुखियाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । तालिम कार्यक्रममा सहभागिहरूलाई दक्ष प्रशिक्षक तथा सहजकर्ता बन्नका लागि आवश्यक सीप तथा ज्ञानको बारेमा पनि प्रशिक्षित गराइएको थियो । तालिम कार्यक्रमको समापन कार्यक्रममा बोल्नुहुदै उन्नती कार्यक्रम इलामको योजना विज्ञ विष्णु काफ्लेले उन्नती परियोजनाको सेवा प्रदायक मध्ये केन्द्रीय चिया सहकारी संघ अत्यन्त सशक्त, बलियो र क्षमतावान संस्था भएको कुरा व्यक्त गर्नुभएको थियो । सोहि कार्यक्रममा बोल्नुहुदै उन्नती कार्यक्रम इलामको कृषि विज्ञ रूद्र बरालद्धारा उन्नती परियोजनाले आगामी दिनमा ल्याउन लागेको अनुदान कार्यक्रममा सहकारी संस्थाहरू र सदस्यहरूलाई व्यवसायिक योजना माग गर्ने र यस तालिम त्यस कार्यको लागि तालिम सार्न्दभिक भएको कुरा व्यक्त गर्नुभएको थियो साथै आगामी दिनमा संघ सँग समन्वय गरि चिया क्षेत्रको समग्र विकासको लागि थप कार्यक्रम सञ्चालन गरि अघि बढ्ने कुरा व्यक्त गर्नुभयो । कार्यक्रममा संघका महासचिव रविन राई द्वारा केन्द्रीय चिया सहकारी संघले चिया क्षेत्रमा गरिरहेको क्रियाकलापको बारेमा पछिल्लो जानकारी गराउनु भयो भने सहभागीहरूलाई केन्द्रीय चिया सहकारी संघ र चिया किसानहरूलाई बाह्य पक्षले हेर्ने दृष्टिकोण बारेका प्रस्टयाउँदै केन्द्रीय चिया सहकारी संघ बारे प्रकाश पार्नु भएको थियो । समापन कार्यक्रमका अध्यक्ष तथा केन्द्रीय चिया सहकारी संघका अध्यक्ष गोविन्द प्रसाद दाहालले सहभागीहरूलाई शुभकामना तथा प्रशिक्षकहरूलाई धन्यबाद दिनुहुदै तालिम कार्यक्रम केन्द्रीय चिया सहकारीको लागि कोशेढुङ्गा भएको बताउनुभयो । सहकारीले बनाएको चिया र बाह्य देशले बनाएको चियाको तुलना गर्दा सहकारीको चिया पनि राम्रो भएकोले सहकारीले उत्पादन गरेको चिया बिदेश निर्यात गर्न सकिने कुरा जानकारी गराउनु भएको । चियाको समर्थन मुल्य कायम गर्न तथा चिया क्षेत्रको समस्या समाधान गर्न संघले महत्वपूर्ण भूमिका खेल्दै आएको र आगामि दिनमा पनि निरन्तर जारी राख्ने कुरा व्यक्त गर्नु भयो । ■

# चिया खेती अभिलेखिकरण सचेतना तालिम सम्पन्न

केन्द्रीय चिया सहकारी संघ लि. नेपाल, एग्रीटेरा नेदरलैण्ड सहयोग तथा प्रारम्भिक सहकारीहरूको आयोजनामा विभिन्न सहकारीहरूमा चिया खेती अभिलेखिकरण अभिमुखिकरण तालिम सञ्चालन भएको छ । चिया खेती प्रणालिलाई व्यवस्थित बनाउन, चिया खेती प्रणालीमा अभिलेखिकरणको महत्व तथा फाईदाहरूको बारेमा जानकारी दिन तथा चियाको लागत मुल्य निकाल्न सहयोग गर्ने उद्धेश्यले सञ्चालित उक्त अभिमुखिकरण तालिममा संघले तयार पारेको चिया खेती अभिलेखन फारामलाई प्रस्तुत गरि एको थियो । चिया खेतीको अभिलेखनमा व्यक्ति, स्थान, तथा सहकारी विशेष फरक फरक हुने गरेको परिपेक्षममा संघले चिया खेती अभिलेखिकरणलाई एकरूपता गराउनका लागि यो अभिमुखिकरण तालिम सञ्चालन गर्दै आएको छ । आगामि ३ बर्ष भित्र सबै चिया सहकारीहरूमा यो कार्यान्वयन गर्ने उद्धेश्यले सञ्चालन भएको उक्त तालिम ६ वटा सहकारीहरूमा सञ्चालन गरिसकिएको छ । ■



*अभिलेखिकरणको महत्व तथा फाईदाको बारेमा सुन्दरपानी चिया उत्पादक सहकारी संस्थाका सदस्यहरू समुह छलफल गर्दै*

## अभिलेखिकरण तालिम सञ्चालन गरिएको सहकारीहरू

| क्र.सं. | सहकारीको नाम | ठेगाना | मिति | सहजकर्ता |
|---|---|---|---|---|
| १ | तिनजुरे चिया उत्पादक सहकारी संस्था लि. | फाकफोक ५ ईलाम | २६भाद्र २०७२ | खड्ग बहादुर राउत, माधव निरौला |
| २ | सुन्दरपानी चिया सहकारी संस्था लि. | सुन्दरपानी न.पा. ९ ईलाम | २४ आश्विन २०७२ | देवीकुमारी राई, चन्द्र लोक्ताम |
| ३ | सिंहदेवी चिया उत्पादक सहकारी संस्था लि. | सोल्मा ३ तेह्रथुम | २८ आश्विन २०७२ | शंकर खनाल, दिल कुमारी लिम्बु |
| ४ | अजम्बरे चिया उत्पादक सहकारी संस्था लि. | जितपुर २ ईलाम | ३० आश्विन २०७२ | रन बहादुर मगर |
| ५ | सिदिङ्वा चिया उत्पादक सहकारी संस्था लि. | ओयाम ४ पाँचथर | ३ कार्तिक २०७२ | याम बिक्रिम लावती, छत्र योङ्ग्या |
| ६ | सुगन्धीत चिया उत्पादक सहकारी संस्था लि. | भिरगाँउ ३ धनकुटा | १८ कार्तिक २०७२ | अम्बिका थापा , भाष्कर वस्नेत |
| ७ | सानिमाई चिया उत्पादक सहकारी संस्था लि | सुलुबुङ् ५ ईलाम | २१ कार्तिक २०७२ | बेदनिधि पोखेल, चन्द्र वहादुर लोक्ताम |
| ८ | उच्च पहाडि चिया उत्पादक सहकारी संस्था लि. | साखेजुङ् ६ईलाम | २२ कार्तिक २०७२ | विमला राई, खड्ग राउत |
| ९ | शुभ चिया उत्पादक सहकारी संस्था लि. | बाहुण्डाँगी ३ झापा | २३ कार्तिक २०७२ | सचिन निरौला, चन्द्र वहादुर लोक्ताम |

# केन्द्रीय चिया सहकारी संघको भियतनाम कृषक महासंघमा अध्ययन भ्रमण




*VNFU का उपाध्यक्ष तथा कर्मचारी, CTCF र AFA को भ्रमण टोली VNFU को कार्यलयमा*

गत मार्च २३ २०१५ देखी मार्च २७ २०१५ सम्म केन्द्रीय चिया सहकारी संघका उपाध्यक्ष राजेन्द्र कुमार जवेगु तथा संघका लेखा प्रमुख योगेश्वर दाहालद्धारा भियतनामको Vietnam Farmer Union(VNFU) तथा सो संस्थाको सदस्य संस्थाहरूमा अध्ययन भ्रमण भएको थियो । Asian Farmer Association for Sustainable Rural Development (AFA) को आयोजनामा सदस्य संस्थाहरूको एक अर्कोले गरिरहेको गतिविधिहरूको वारेमा अध्ययन भ्रमण गराई नयाँ राम्रा कुरा हरूको अनुसरण गराउने उद्धेश्यले आयोजित भ्रमण दलमा आफा (AFA) को तर्फबाट मार्केटिङ्ग अफिसर भिकी सेवारत समेत सहभागी हुनुहुन्थ्यो । आफा (AFA) १३ वटा एसियाली राष्ट्रहरूको राष्ट्रिय स्तरको कृषक संगठनहरूको अन्तराष्ट्रिय संगठन हो । केन्द्रीय चिया सहकारी संघ यसको सन् २०१४ मा सदस्यता लिएको छ । उक्त भ्रमणको क्रममा भियतनामको चियाको मुल्य श्रंखलामा चियाको उत्पादन, प्रशोधन तथा बजारीकरणको क्षेत्रमा भियतनामी चिया किसान तथा चिया सहकारीहरूको वर्तमान अवस्था तथा भुमिकाको बारेमा अध्ययन भयो । Vietnam Farmer Union(VNFU) संगठन चिया उत्पादनको क्षेत्रमा लागि स्थापति ८५ बर्ष पुरानो संगठन रहेछ जसले निरन्तर रूपमा लामो संघर्ष पछि सफलता हासिल गरेको रहेछ । भियतनाम विश्वमा चिया उत्पादन तथा निर्यात गर्ने राष्ट्रमा सातौं स्थानमा पर्न आउछ ।

सन् १९३० मा स्थापना भएको VNFU सगँ करिब १२ लाख किसानहरू आबद्ध रहेका छन् भने करिब १२ सय कर्मचारीहरू कार्यरत छन् । विशेसत VNFU ले किसानहरूको हकहितको पक्षमा भियतनाम सरकारसगँ बहस तथा पैरबी गर्ने, अत्याधुनिक कृषि प्रणालीमा किसानहरूलाई प्रोत्साहित गर्ने तथा सुलभ व्याजदरको ऋण उपलब्ध गराउने तथा अनुदान उपलब्ध गराउने, किसानहरूले उत्पादन गरेको वस्तुको बजारीकरण गर्ने जस्ता कार्यहरू गर्दै आएको छ । साथै सस्थाँको दिगोपनाको लागि चिया व्यवसाय, कफि व्यवसाय, दुग्ध व्यवसाय जस्ता करिब १५ कृषिजन्य व्यवसाय गर्दै आएको छ । कुशल नेतृत्व, असल दुरदृष्टि, कुशल व्यवस्थापन पक्ष, सरकारको प्रत्यक्ष निगरानी, सदस्यहरूको हितमा निरन्तर काम गर्नुका कारण ८५ वर्षसम्म आफ्नो अस्तित्व कायम गर्न सक्नु VNFU को एउटा राम्रो सफलताको पक्ष हो।

भ्रमणको क्रममा Vietnam Tea Association को समेत अवलोकन भएको थियो । यस सस्ँथाले चिया उत्पादक किसान, चिया प्रशोधक, चियाको बजारीकरणमा चियाको गुणस्तर सुधारमा सहयोग पुऱ्याउने, हरियो चिया पत्तिको मुल्य निर्धारण गर्ने, सरकारसगँ बहस तथा पैरवी गर्ने, चिया व्यवसायमा प्रोत्साहन गर्नेका साथै सस्थाको दिगोपनाको लागि आफ्ना सदस्यहरूबाट सदस्यहरूको आर्थिक कारोबारका आधारमा सेवा शुल्क लिने, आफ्नै चिया पसलहरू सञ्चालन गर्ने जस्ता कार्यहरू गर्दै आएको छ । करिब २५ बर्ष लामो सस्थाँगत अनुभव रहेको यस सस्ँथामा चिया किसान, चिया प्रशोधक, चिया निर्यातकर्ताहरू, चियाको बजारीकरणमा आवद्ध सस्थाँहरू, चिया सहकारीहरू सदस्य बन्न सक्ने प्रावधान रहेको छ ।

त्यसै गरी क्षेत्रगत एक चिया किसान सगंठन, एक चिया प्याकेजिगं कम्पनि, एक चिया सहकारी, एक चिया प्रशोधन उद्योग तथा केही चिया किसानहरूमाझ भ्रमणको क्रममा छलफल गर्दा भियतनामको मुल्य श्रंखलाको बारेमा अध्ययन भयो । भियतनाममा चिया किसानहरू तथा चिया सहकारीहरूले हरियो चिया पत्ति चिया प्रशोधन कारखानाहरूमा खरिद बिक्री गर्ने, चिया प्रशोधन कारखानाहरूले तयारी चिया उत्पादन गर्ने तथा चिया प्याकेजिगं गर्ने र चिया प्याकेजिगं कम्पनिहरूले गुणस्तर मापन गरि चिया निर्यात कम्पनि तथा आन्तरीक बजार हरूमा बिक्री गर्ने रहेको छ । जसले गर्दा चियाको मुल्य श्रंखला छोटो हुन गई मुल्य श्रंखलाका प्रत्येक पात्रहरूलाई फाईदा पुगेको छ । त्यस्तै गरी साना साना स्केलको घरैमा किसानले थोरै मात्रामा तयारी चिया प्रशोधन गर्ने मेशिनहरूबाट तयारी चिया प्रशोधन गरिरहेको र सो तयारी चिया ठुला व्यापारीहरू वाट वजारमा पुऱ्याउने गरेको देखिन्छ । भियतनामले आफ्नो चियाको आन्तरिक बजारलाई बढी जोड दिएको छ किनकी भियतनामको यो बुझाइ छ कि आन्तरीक बजारमा आफ्नो उत्पादन खपत गर्दा चियाको बजारीकरणमा दिगोपना आउन सक्छ । साथै विभिन्न किसिमका करहरू तथा अन्तशुल्कका कारण विदेशी बजारमा आफ्नो चियाको बजार विस्तारमा चुनौतीका कारण समेत भियतनामले आन्तरिक बजार लाई जोड दिएको रहेछ । अन्तराष्ट्रिय वजारमा भन्दा आन्तरिक वजार मा तयारी चियाको मुल्य समेत राम्रो रहेकोले भियतनाममा चियाको आन्तरिक बजार बलियो देखियो । ■

# आफाको ३२ औं बैठक तथा गोष्ठीमा सहभागी




*म्यानमारको यङ्योनमा आयोजित आफाको वैठक तथा गोष्टीको सहभागीहरू*

AFA (Asian Farmers Association for Sustainable Development) तथा Agirculture and Farmer Federation Myanmar को आयोजना तथा FAO (Food and Agriculture Organizaition UN)/FFF(Forest Farm Faculty) को सहयोगमा अगस्ट २ देखि ३ सम्म Yangon, Myanmar (यङ्गोन म्यानमार) मा आयोजित "Reasonal Sharing Workshop: Building our agenda for farmers in forested landscapes" तथा अगष्ट ५ देखि ७ सम्म AFA तथा Agirculture and Farmer Federation Myanmar को आयोजनामा तथा ILC (International land Coalition) को सहयोगमा आयोजित "Reasonal Sharing Workshop on Popularizing the VGGT to Secure Rights to Family Farmers मा संघको अध्यक्ष गोविन्द प्रसाद दहाल र संचालक सदस्य झुना तामाङ्ले सहभागी जनाउनु भएको थियो । यस्तै गरि आफाको कार्यकारी समितका सदस्य रहनुभएको संघको अध्यक्ष गोविन्द प्रसाद दहाल र संघ संचालक सदस्य झुना तामाङ्ले अगष्ट ४ मा आफाको ३२ औ बैठकमा सहभागि हुनुभएको थियो । आफाको वैठकमा आफाले गरिरहेको गतिविधि, परियोजना, कार्यक्रम र आफाको रणनैतिक योजना तयारी, सदस्य संस्थाहरूसँगको समन्वय आदि विषयहरूमा छलफल भएको थियो । त्यसै गरी पारिवारिक खेती तथा वनले मानिसहरूको जीवनस्तर र भुसंरक्षणमा पारेको प्रभावको वारेमा र आफाका सदस्यहरूले पुऱ्याएको योगदान तथा एसियाली राष्ट्रहरूमा यसको अवस्थाको वारेमा गोष्ठीमा कार्यपत्रहरू प्रस्तुत भई छलफलहरू भएको थियो । यसै गरी राष्ट्रिय खाद्य सुरक्षाको सर्न्दभमा जमिन, समुन्द्र तथा जंगलहरूको सम्प्रभुत्वमा तयार पारिएको जिम्मेवारी स्वंयम सेवी निर्देशिकाको वारेमा कार्यपत्रहरू प्रस्तुत भई छलफल भएको थियो । साथै सबै सहभागिहरूले आफ्नो राष्ट्रिय भाषामा "भुमी जिवन हो" भन्ने नारा लेखी कार्यपत्र पारित गरिएको थियो । VGGT (Voluntary Guidelines on the responsible Governance of Tenure of land, fisheries and forests) कार्यन्वन गर्दाको सिद्धान्तहरू मानवीय संवेदना, विना भेदभाव, समता र न्याय, लैङ्गिक समानता, समग्र र दिगो अवधारणा, परामर्श र सहभागिता, कानुनको पालना, उत्तर दायित्व, निरन्तर सुधार आदिको पालनाको विषयमा छलफलहरू भएका थिए । ■

# माईकुप सहकारी प्रशिक्षक प्रशिक्षार्थी तालिम

केन्द्रीय चिया सहकारी संघले स्थानीय स्तरमा सहकारी सम्वन्धि सहजकर्ताहरू तयार गर्ने उद्धेश्यले ५ दिने माईकुप सहकारी प्रशिक्षक प्रशिक्षार्थी तालिम मिति २०७२ वैशाख ८ देखि १२ सम्मको सुनगाभा विकास संस्थानको हल इलाममा प्रदान गरिएको थियो । संघले एग्रीटेरा नेदरलेण्डको आर्थिक सहयोगमा यस अघि माईकुप निर्देशिका १ र २ अर्न्तगत प्रशिक्षक प्रशिक्षार्थी तालिम दिइसकेको इलाम, पाँचथर, धनकुटा, झापा, तेह्रथुम जिल्लाका सहभागि तथा संघका सहकारी सहजकर्ताहरूलाई माईकुप निर्देशिका ३ र ४ सम्वन्धि तालिम प्रदान गरेको हो । सो तालिममा सहभागीहरूले सहकारीको सहकारी सेवा, सहकारी रणनैतिक विक्रि प्रवर्द्धन, सहकारी बजारीकरण, प्रमाणीकरण तथा जैविक कृषि विषयहरूका साथै प्रभावकारी सहजिकरण सीपको वारेमा प्रयोगात्मक रूपमा अभ्यास गरेका थिए । उक्त तालिमको उत्घाटन र समापन केन्द्रीय चिया सहकारी संघ लि. नेपालको अध्यक्ष गोविन्द प्रसाद दहालले गर्नु भएको थियो । उक्त तालिमको सहजिकरण केन्द्रीय चिया सहकारी संघका महासचिव रविन राई, सदस्य शंकर खनाल, इन्द्र सारू मगर, चिया उत्पादक सहकारी संघ पाँचथरका सदस्य निरन्ती तुम्वापो तथा संघको सहकारी सहजकर्ता विमला राईले गर्नुभएको थियो । उक्त तालिममा सहभगीहरूबाटै माई कुप सहकारी सचेतना पाठशाला संचालन गरिरहेका छन् । ■



*माईकुप सहकारी प्रशिक्षक प्रशिक्षार्थी तालिमका सहभागिहरू*

# झापामा शुभ चिया किसान सहकारी संस्था लि. सहित अन्य दुई चिया सहकारीले सिटिसि ठुलो चिया प्रशोधन उद्योग निमार्ण गर्दै



सुभ चिया उत्पादक सहकारी संस्थाका सञ्चालक, केन्द्रीय चिया सहकारी संस्था लि. का सञ्चालकहरू तथा विदेशी पाहुनाहरूद्धारा कारखाना अवलोकनको क्रममा सामुहिक फोटो खिच्दै ।

चिया खेतीका लागि उपयुक्त भूमि भए पनि परम्परागत धान, मकै, कोदो बाली लगाएर जीवन धानीरहेका किसानहरूलाई जीवन धान्न साह्रो गाह्रो परेपछि आय आर्जनका अन्य वैकपिक खेती प्रणाली तर्फ अघि बढिरहेका झापा जिल्ला बाहुण्डाँगी गा.वि.स का किसानलाई एउटा तितो अनुभव संगाल्न रहर होइन प्रकृतिले बाध्य तुल्यायो । विगत चार दशक देखिको लगातारको जंगली हात्तिको आक्रमणबाट किसानले लगाएको अन्नबाली सुपारी तथा फलफुल खेती नष्ट प्राय भैसकेपछि बाहुण्डाँगीबासी जनतासंग आन्तरीक सरणार्थीका रूपमा अन्यन्त्र जानु अथवा प्रकृतिको यो भारलाई एउटा चुनौतिको खोजी गर्नुको तेस्रो विकल्प बाँकी रहेको थिएन । यहि यथार्थ धरातलमा उभिएर यस क्षेत्रका केही अगुवा किसानहरू २०३३ सालबाट चिया खेती तर्फ प्रवेश गरेको ऐतिहासिक तथ्य रहेको छ ।

जंगली हात्तीबाट लखेटिएका किसानहरूले जसोतसो हरियो चिया पत्ति बोकेर चिया उद्योगहरूमा विक्री गर्न शुरू त गरे तर कृषकहरूले उचित मुल्य पाउन सकेनन् । यसकोि विकल्पको रूपमा बाहुण्डाँगीका किसानहरू मिलेर मिति २०६४।०५।०२ का दिन चिया क्षेत्रमा देखिएको चुनौतिलाई सामुहिक प्रयासबाट सामना गर्ने अठोटका साथ श्री शुभ चिया किसान सहकारी संस्था लि बाहुण्डाँगी नामक चिया विषयगत सहकारी संस्थाको शुरूवात गर्ने कार्यको शुभारम्भ भयो । अनेकन विध्न बाधा आरोह अवरोह पार गर्दै रहदा अन्तत २०७१ सालबाट नेपाल सरकार कृषि विकास मन्त्रालय अर्न्तगत राष्ट्रिय चिया तथा कफि विकास वोड बाट प्राप्त ५०% अनुदान र शुभ चिया किसान सहकारी संस्था लि० को ५०% लगानीमा जम्मा ८ कडोरको लगानीमा चिया प्रशोधन कारखाना हाल बाहुण्डाँगी गा.वि.स.को वाड.२ मा निमार्ण भैरहेको छ । निमार्ण प्रकृया अर्न्तगत भवन निमार्णको कार्य सम्पन्न भैसकेको छ भने कार्यक्रमको दोस्रो चरण अर्न्तगत मैसीनरी सामाग्री खरिद तथा जडानका लागि कार्यवाही अघि वढी सकेको छ । आउने वर्ष वाट बाहुण्डाँगीका किसानले आफ्नै उद्योगबाट गुणस्तर युक्त सि टि सि चिया देश भित्र र देश बाहिरको उपभोक्ता माझ पुऱ्याउने छ ।

चिया प्रशोधन कारखानानिमार्ण संग संगै यस सहकारी संस्थाले ७ लाख चिया नर्सरी तयार गरि सुपथ मुल्यमा किसानहरूलाई बिक्री वितरण पनि गरिरहेको छ । कृषि सामाग्री संस्थान बाट चिया कृषकहरूको लागि प्राप्त हुने रासायनिक मलखाद सहकारीकै तर्फबाट ढुवानी गरी किसानहरूको घरघरमा पुऱ्याइदिई किसानहरूले व्योहर्नुपर्ने झन्झटिलोपनालाई न्यूनिकरण गर्ने कार्यमा यस सहकारी संस्था कृयाशिल तथा कफि विकास बोर्ड पूर्वाञ्चल क्षेत्रिय कार्यलय विर्तामोड र केन्दीय चिया सहकारी संघ लि नेपालको सहयोग बाट बेलाबेलामा चिया कृषयहरू लाई नविन जानकारी मूलक प्रशिक्षण कार्यक्रम संचालन गरिएको छ । सके सम्म हानिकारक विषादीहरूको प्रयोग नगरिकन र रासायनिक मलखाद भन्दा जैविक प्राङ्गरिक मलको प्रयोग बाट गुण्स्तर युक्त चिया उत्पादन हुने कुरा प्रति यस संस्थाका किसान सदस्यहरू सचेत छन् । यसका लागि संस्थाका सदस्यहरूमा उन्नतजातका दुग्घजन्य तथा मासुजन्य पशुपालन पनि चिया खेति संग संगै गर्न सकिने अनुभव प्राप्त भैसकेको छ । हरेक सदस्यले गोठ तथा खोर व्यवस्थापन तथा पशुपालन सम्बन्धि अधिक जानकारीका लागि



पाराखोपी साना चिया सहकारी संस्था लि. हल्दीवारी १ झापा द्वारा निर्माणाधिन चिया उद्योग

जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशुसेवा केन्द्र संग सम्न्वय गरि अघि बढने गृहकार्य अघि बढाईएको अवस्था विधमान छ । यस्तै शुभ चिया किसान सहकारी संस्था लि. बाहुण्डाँगी भापाले जस्तै भापाका अन्य २ वटा चिया सहकारीहरूले समेत ठुलो सि टि सि चिया उद्योग स्थापना कार्य तदारूपताका साथ गरिरहेको छ ।

त्यसै गरी भापाका अन्य २ चिया सहकारीहरू साना किसान चिया किसान उत्पादक सहकारी संस्था लि. हल्दिवारी ९ भापाले ८ करोड चौतिस लाखको लगानीमा ३ वर्ष क्रमागत नेपाल सरकार मार्फत ५० प्रतिशत अनुदान र ५० प्रतिशत सहकारीको लगानीमा प्रशोधन उद्योग निमार्ण भइरहेको छ भने पाराखोपी साना किसान चिया सहकारी संस्था लि. हल्दीवारी १ भापाले ८ करोड ८१ लाखको लगानीमा ३ वर्ष क्रमागत नेपाल सरकार मार्फत ५० प्रतिशत अनुदान र ५० प्रतिशत सहकारीको लगानीमा प्रशोधन उद्योग निमार्ण भइरहेको छ । यस्ता प्रशोधन कारखानाहरूको निमार्ण र संचालन पछि किसानहरूले हरियो पत्तिको उचित मुल्य पाउनका साथै चिया व्यवसाय लाई औधोगिकरण गरी दिगो आर्थिक विकास समेत हुने अपेक्षा छ । तर यस्ता सहकारी उद्योग संचालन गर्नका लागि आई पर्ने चुनौतीहरूलाई सवै सदस्य, संचालक समिति, उपसमितिहरू, कृषकहरूको ऐक्यवद्धता, जिम्मेवारी, लगनशितलता र निरन्तरता महत्वपुर्ण रहन्छ भने सम्वन्धित विषयगत संघ संस्था तथा नेपालसरकारको पनि प्रभावकारी अनुगमन तथा निरन्तर सहयोगको खाचो पर्दछ । ■



*साना किसान चिया सहकारी संस्था लि. हल्दीवारी ९ भापा द्वारा निर्माणादिन चिया उद्योग*

# कन्याम चिया उत्पादक सहकारी संस्था लि. इलामद्वारा संचालित चिया उद्योग फाइदामा

सहकारीताको सिद्धान्त, मूल्य र मान्यताहरूलाई आत्मसाथ गर्दै आफ्ना सदस्यहरूको हरियो चिया पत्ती संकलन, खरिद बिक्रि, मलखाद उत्पादन, खरिद तथा विक्रि, चिया प्रशोधन लगायत गुणस्तर ीय वित्तिय तथा गैह्र वित्तिय सेवा मार्फत सदस्यहरूको जीवनस्तरमा समयानुकुल सुधार ल्याउने उद्देश्यबाट अभिप्रेरीत भई, मिति २०६३।०६।८ गते २५ जना सदस्यहरू मिलि डिभिजन सहकारी कार्यालय सुनसरीमा विधिवत रूपमा कन्याम चिया उत्पादक सहकारी संस्था लिमिटेडको स्थापना भएको हो । हाल ५० महिला सहित कुल १३५ जना शेयर सदस्यहरू यस सहकारी संस्थामा आबद्ध भएका छन् । आ. ब. २०७१/०७२ सम्ममा रू ८०,२१,२०० चुक्ता शेयर पूजी भएको यस सहकारी संस्थाको १३,६८,३०८ जगेडा कोष रहेको छ भने बचत रू ३०,६८,९९६ तथा ऋण लगानी रू ५४,०४,७०० रहेको छ । सहकारी विभागको रू ६ लाख अनुदान सहयोग, सदस्यहरूको लगानी तथा राष्ट्रिय सहकारी वैकवाट ऋण लिई सहकारीले करीब १ करोडको लगानीमा चिया प्रशोधन उद्योग गत वर्ष स्थापना गरी हरियो पत्ति प्रशोधन शुरू गरेको छ भने यस सहकारी संस्थाले ७ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरिरहेको छ । आ.ब. २०७१/७२ मा सम्ममा यस सहकारी संस्थाको वासलात रू २,०५,८९,२०९ पुगेको छ । यस सहकारीले आ.ब. २०७१/७२ मा कुल रू ४,३०,६८१ नाफा आर्जन गरेका छ भने सदस्यहरूलाई १३% लाभांश बितरण गरको छ साथै यस संस्थाले आ.ब. २०७१/७२ मा आयकर मात्र रू ६७,९६३ भुक्तानी गरेको छ । यसरी चिया प्रशोधनका साथै बचत, हरियो चिया पत्ति खरिद विक्री,उपभोक्ता पसल, ऋण लगानी असुली ,राष्ट्र वैक वाट समेत सुलभ व्याजको ऋण लिई सदस्यमा लगानी गरी सेवा प्रदान गरिरेहको छ । आफ्नै प्रशोधन कारखाना स्थापना गरि हरियो चिया उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहभागि भई चियाको मुल्य श्रृखलाका पात्रहरूलाई घटाउदै लैजान सके मात्र सहकारी तथा चिया खेतीको दिगो विकास गर्न सकिन्छ भन्ने सन्देश यस सहकारी प्रदान गरेको छ । ■



*कन्याम चिया सहकारीद्धारा संचालित चिया प्रशोधन उद्योग*

# चियामा विषादी न्यूनीकरण तथा अर्गानिक विषादी तयारी सचेतना मुलक तालिम सम्पन्न



*विषादि न्युनिकरण तथा अर्गानिक बिषादी तयारी सचेतनामुलक तालिममा सहभागिहरु*

केन्द्रीय चिया सहकारी संघ लि.नेपाल, उद्योग बाणिज्य संघ तथा चिया उत्पादक सहकारी संघ लि.ईलामको आयोजना तथा जिल्ला विकास समितिको कार्यालय ईलामको आर्थिक सहयोगमा ईलामको सुर्योदय नगरपालिका स्थित लेप्चा भवनको हलमा ३ दिने चियामा विषादी न्यूनीकरण तथा अर्गानिक विषादी तयारी सचेतना मुलक तालीम २०७२ अषाढ २१, देखि २३ सम्म सञ्चालन भएको छ । विषादिको नकारात्मक असर तथा त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने कुराको सचेतना दिने उद्धेश्यले सञ्चालित कार्यक्रमको उद्घाटन समारोहको अध्यक्षता गर्नुभएका केन्द्रीय चिया सहकारी संघ लि.नेपालका अध्यक्ष श्री गोविन्द प्रसाद दहालले अर्गानिक चिया खेती सम्वन्धि आगामी दिनमा कसरी जाने भन्ने कुरा संघको पनि रणनीति रहेको कुरा बताउनु भएको थियो र त्यसको लागि राज्यसँग पनि पैरवी गरिरहेको कुरा जानकारी गराउनु भएको थियो । कार्यक्रमको प्रमुख अथितिका उद्योग बाणिज्य संघ ईलामका अध्यक्ष शुशिला सापकोटाले कार्यक्रमले उद्योगी र कृषक विचको सम्वन्धलाई गाढा बनाउदै आगामी दिनहरुमा सहकार्यका रूपमा अगाडी बढ्न सके चिया क्षेत्रमा संभावनाहरू धेरै रहेको कुरा बताउनु भएको थियो भने आगामी दिनहरूमा उद्यमी र कृषकहरूसंग उद्योग बाणिज्य संघले सहयोग गर्नेछ भन्ने कुरा व्यक्त गर्नु भएको थियो । उक्त तालिम कार्यक्रममा ईलाम जिल्लाको १८ सहकारीका प्रतिनिधी तथा ५ उद्योगीहरूको सहभागिता रहेको थियो भने तालिम कार्यक्रमलाई चिया विज्ञ सोनाम पाल्जर लामा र ज्योति अधिकारीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन सत्रमा केन्द्रीय चिया सहकारी संघ लि.नेपालको महासचिव रविन राईले स्वागत मन्तव्य राख्दै संघले गरिरहेको क्रियाकलाप आगामी दिनको रणनीति सम्वन्धि सहभागीहरूलाई जानकारी गराउनु भएको थियो । ■

# चिया प्रशोधन सहकारीहरूलाई अर्थोडक्स चिया प्रशोधन तथा गुणस्तर सुधार तालिम सम्पन्न



*तालिमका सहजकर्ता सोनामपाल्जर लामा सहभागिहरूलाई चिया प्रशोधन सम्बन्धी व्यवहारिक अभ्यास गराउँदै*

केन्द्रीय चिया सहकारी संघ नेपालको आयोजनामा तथा एग्रीटेरा नेदरलैण्डको आर्थिक सहयोगमा ईलामको सुर्योदय नगरपालिका स्थित फिक्कलमा ५ दिने अर्थोडक्स चिया प्रशोधन तथा गुणस्तर सुधार तालिम २०७२ जेष्ठ ७ देखि ११ गते सम्पन्न भएको छ । ईलाम, पाँचथर, धनकुटा, तेह्रथुम, संखुवासभा तथा ललितपुर जिल्लाका चिया प्रशोधन सहकारीहरूको १७ प्राविधिकहरूलाई तथा प्रतिनिधिहरूलाई तालिम प्रदान गरिएको थियो ।

ईलामको फिक्कल स्थित विशाल होटलमा तालिम कार्यक्रमको उद्घाटन गर्नुहुदै संघका अध्यक्ष गोविन्द प्रसाद दाहालले चिया सहकारीहरूले आफै चिया उत्पादन, प्रशोधन तथा बजारीकरणको माध्यमद्वारा मुल्य श्रृखलाको पात्रहरू घटाईरहेको कुरा व्यक्त गर्नुभएको थियो । तिनजुरे चिया उत्पादक सहकारी संस्था यसको राम्रो उदाहरण भएको कुरा व्यक्त गर्नुभएको थियो । कार्यक्रमलाई नेपाल चिया तथा कफि विकास बोर्डका सदस्य काजीमान कागते तथा राष्ट्रिय सहकारी बैक ईलाम शाखाका शाखा प्रबन्धक गोपाल काफ्लेद्धारा मन्तव्य ब्यक्त गर्नुभएको थियो । कार्यक्रमका सहभागिरूलाई संघका सञ्चालक सदस्य पूर्णबहादुर मुखियाले स्वागत मन्तब्य दिनुभएको थियो ।

तालिम कार्यक्रममा विभिन्न चिया सहकारी संस्थाहरूले प्रशोधन गरेको तयारी चियाको टेस्टीङ्ग कार्यक्रम समेत सञ्चालन गरिएको थियो । यस क्रममा पाँचथरको लालि चिया उत्पादक सहकारी संस्थाद्वारा प्रशोधित चिया उत्कृष्ट भएको थियो । सोहि क्रममा नेपाल र केन्या विचको चियाको तुलनात्मक टेस्टिङ्ग गर्ने कार्य भएको थियो । टि टेस्टिङ्ग कार्यक्रम पश्चात तालिम कार्यक्रमको मुख्य प्रशिक्षक तथा चिया विज्ञ बुद्धदेव आचार्यले नेपाली चिया प्रशोधकहरूले थोरै मात्र गुणस्तरमा सुधार ल्याउन सके अन्तराष्ट्रिय बजारमा सजिलै निर्यात गर्न सकिने कुरा व्यक्त गर्नुभएको थियो । तालिम कार्यक्रमको व्यवाहारिक अभ्यास कन्याम चिया उत्पादक सहकारी संस्थाको प्रशोधन कारखाना तथा डिभाईन चिया प्रशोधन केन्द्रमा गरिएको थियो । तालिम कार्यक्रमले सहभागिहरूलाई बिभिन्न प्रकारको चिया प्रशोधन गर्न सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिको थियो । तालिम कार्यक्रमलाई चिया विज्ञ बुद्धदेव आचार्य तथा सोनामपाल्जर लामाले सहजिकरण गर्नुभएको थियो । तालिम कार्यक्रमको अन्तिमदिन गोर्खा चिया कारखाना तथा नेपाल ग्रीन टि प्रशोधन कारखानाको स्थलगत भ्रमण गराईएको थियो । ■

## पत्रिका पाउनेको ठेगाना

नाम : ....................................................................

संस्था: ....................................................................

ठेगाना : ....................................................................

....................................................................